काठमाडौं जि.प्र.का.द.नं.. १३६/०६२/०६३ चैत्र २०७६, वर्ष १५ अङ्क ७०

# बेरोजगार सूचीमा नाम दर्ता गर्ने बारे सूचना

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व.२०७७/०७८मा १०० (एक सय) दिनको न्यूनतम् रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोवास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ ।

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रशारण विभाग**

जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal

मासिक

कृषि जर्नल २०७६ चैत्र (krishijournal–2020, March-April)










# दुग्घजन्य शिशु आहार सम्बन्धी भ्रमपूर्ण समाचार प्रति खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको ध्यानाकर्षण

जनस्वास्थ्य जस्ता संवेदनशील विषयमा जनमानसमा भ्रम पार्नेगरी २०७६ फागुन १५ गते विहिबार एक राष्ट्रिय दैनिक सहित विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित ''दुग्धजन्य शिशु आहारमा विष'' जस्तो शिर्षको समाचार प्रति यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ । दुग्धजन्य पदार्थमा कुनै पनि किसिमको अखाद्य पदार्थ मिसावट गर्न पाइदैन ।

यस विभागले FAO/WHO अन्तर्गत खाद्य पदार्थको अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण गर्ने संस्था Codex Alimentarius Commission अन्तर्गतको Joint FAOWHO Expert Committee on Food Additives (JECFA)ले वैज्ञानिक अनुसन्धान तथा तथ्याङ्कको आधारमा तोकेको र नेपाल सरकारले निर्धारण गरेका मापदण्ड अनुसार सबै प्रकारका खाद्य पदार्थको अनुगमन तथा परिक्षण गर्ने गरेको छ ।

जनस्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित विषयहरूमा यो विभाग सँधै सचेत र सजग रहेको छ । खाद्य ऐन, २०२३ वमोजिम शिशु दुग्ध आहार लगायत अन्य दग्धजन्य पदार्थमा अखाद्य तथा हानिकारक वस्तुको मिसावट गरी उत्पादन,आयत तथा बिक्री वितरण गर्न निषेध गरिएको हुँदा यस प्रकारको समाचारहरूबाट भ्रममा नपर्नु हुन आम जनमानसमा विभाग हार्दिक अपिल गर्दछु । साथै कसैले निर्धारित मापदण्ड विपिरित कार्य गरेमा खाद्य ऐन, २०२३ र खाद्य नियमावली २०२७ वमोजिम कारवाही हुने व्यहोरा सबैमा जानकारी गराइन्छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बाबरमहल, काठमाडौं

The Bungoma region of western Kenya is rich in natural resources, ensuring large yields of highly profitable banana crops. Nevertheless, the area lacks local infrastructure, limiting farmers' access to markets.

To counteract this problem, a group of banana growers in the Magemo community decided to form a community-based organization (CBO). They received training on key aspects of running a business, such as group marketing and record keeping, and were referred to other service providers who trained them on savings and loans. This increased visibility and awareness inspired other community members to join. Today, the members of Magemo CBO have seen their earnings from banana sales double.

*©IFAD/Susan Beccio: Members of the Nimla village cooperative are pictured here with a lentil separator.*

In Nimla, a small village in northwest India, a farmer's cooperative has set up an implementation bank and training centre. Local farmers can also borrow equipment that saves time and labour, thus improving crop output. One example is the lentil separator, a machine that sorts lentils from pebbles and debris. It can process in five minutes the amount of lentils that would take a woman all day. The cooperative also provides organic fertilizer and other raw materials.

*©IFAD/Joanne Levitan: Young farmers from the Sabeto Organic Papaya Association plant papaya seeds in Fiji.*

Smallholders in Fiji have a lot to work with. Natural resources on their islands are plentiful, and demand for their agricultural products is strong. Yet the local value chains are underdeveloped and commercial relationships are weak, making it difficult for them to increase their crop yields and turn a profit.

As a way to develop their business, Fijian smallholders have begun organizing themselves into farmers' groups such as the Sabeto Organic Papaya Association. The Association is made up of 20 young farmers who have been trained in growing organic papaya and who each have their own plot of land to tend. Organizations such as these play a crucial part in helping farmers to make the most of local resources – and provide agricultural employment opportunities for youth, as well.


खाना पकाउने ग्याँस (एल पी ग्याँस) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी

**नेपाल आयल निगम लिमिटेड'को**

**अति आवश्यक जानकारी**

एलपी ग्याँस अति प्रज्वलनशील पदार्थ भएकाले यसको प्रयोगमा प्रयाप्त सर्तकता र सावधानी अपनाउन जरुरी हुन्छ। यसैले खाना पकाउने ग्याँसको चहावट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्त वर्गमा नेपाल आयल निगमको अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाउँ, भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर वा घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर रबर पाइप, चुल्हो जस्ता उपकरणहरू गुणस्तर प्रयोग भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं।
३. खाना पकाउँदा सँधै झ्याल ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
४. काम सकिए पछि सँधै रेगुलेटर बन्द गरौं।

**ग्याँस चुहावट भएमा ध्यान दिनु पर्ने कुराहरू**

५. खाना पकाउने स्थानमा एलपी ग्याँसको तिखो गन्ध आइरहेको छ भने ग्याँस लिक भइरहेको छ भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटर र पछि चुलोको नव ढप्लयद० बन्द गरौं।
६. ग्याँस हावाभन्दा गह्रौं हुने भएकोले भँइमा बस्छ। यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर धुप आदि नबालौं र विजुली वत्ती लगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं।
७. ग्याँस लिक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुट्याई भल्वमा सेफ्टिक्याप लगाएर घर बाहिर खुला ठाउँमा राखौं र छिटो भन्दा छिटो नजिकको ग्याँस बिक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।

उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेडद्धारा जारी

**नेपाल आयल निगम लि.**

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं





दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३

जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१५, अङ्क ७० चैत्र २०७६








## यस अङ्कमा


१. किसान वर्गहरूमा राजनीतिक चेतनाको विकास नभै नेपालको राजनीतिक परिवर्तन असम्भव ३-९
२. कृषि मन्त्रालयमा उठेका वहस ११-१२
३. आम्दानीको साथै स्वस्थ खानेकुरा र व्यायाम हुने भएकाले कृषि व्यवसाय रोजे" १६-१७
४. गमलामा फलफूल बिरुवा खेती गर्ने प्रविधि १७
५. जग्गाको क्षेत्रफल जनाउने हिसाव कै विगाह, कतै रोपनी, कतै मुरी माटो, कतै हल-पाटे, कोदाले थिए १८-१९
६. कोशेवाली खेती प्रविधि २०
७. गाई भैंसीमा लाग्ने मुख्य-मुख्य रोगहरू २२-२३
८. वेसार खेती प्रविधि २४-२६
९. मेरो सम्झनामा लखनदास वनेपाली २७
10. Dairy Industries Association (DIA), 11th Annual General Meeting 28
11. Fodder for good food for cattle 29-34
12. Calls to eradicate extrem poverty : president IFAD 34-35
13. The power of farmers' organizations 35-36



व्यक्तिगत मूल्य रु. ५०/-
संस्थागत मूल्य रु. १००/-

**प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि,**
**सल्लाहकार** : भोलामान सिंह बस्नेत, कृष्ण कोपिला **प्रा.डा.केशव खड्का,**
**प्रबन्ध निर्देशक** : श्रीबहादुर खड्का, **प्रधान सम्पादक** : धनबहादुर मगर
**सह-सम्पादक** : राजेन्द्रप्रसाद दंगाल, **उप-सम्पादक** : रितु रुपाखेती
**मुख्य कार्यालय** : बागबजार-३१, **फिल्ड कार्यालय** : टौखेल-मच्छेगाउँ-९, चन्द्रागिरी नगरपालिका,
**फोन** : ०१४२८८७४३, **मोवाइल** : ९८४१४४५७५३, **मुद्रण** : प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं।
Online : krishijournal.com.np, **इमेल** : krishijournal@yahoo.com,

# "सुरक्षित कृषि, सुनिश्चित बचत" कृषिमा परिवर्तनको संकेत

सम्पादकीय



"सुरक्षित कृषि, सुनिश्चित बचत"

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा आफू कृषि मन्त्री भएपछि औपचारिक रुपमा नीति तथा कार्यक्रम सहित पहिलो पटक "सुरक्षित कृषि, सुनिश्चित बचत" को कार्यक्रम ल्याउनु भएको छ। मन्त्री भुषालले कृषि क्रान्तिको इतिहासमा आयत् प्रतिस्थापन गर्नमै समय खर्चेकोमा ६० वर्षको लगानी उपलब्धीमूलक नभएको निष्कर्ष निकाल्दै सोचविचार गरेरनै कृषिमा नयाँ योजना ल्याएको देखिन्छ। तत्कालीन कृषि मन्त्री हरिवोल गजुरेल र चक्रपाणी खनालको कार्यकालमा पनि पेन्सनको योजना ल्याएका थिए। हरेक पटक मन्त्री परिवर्तन हुनासाथ कृषिको लागि नयाँ-नयाँ योजना लिएर मन्त्रीहरूको योजना लिएर आउने गरेको देखिन्छ। यो योजना महत्वकांक्षी योजना हो। भुषालले कृषकको लागि ल्याउनु भएको यो योजना नेपालको कृषि क्षेत्रको परिवर्तन मात्र होइन आत्मनिर्भर बनाउने खालको छ।

६० वर्षको इतिहासमा किसान र कृषिले प्रतिफल नपाएको स्वीकार गर्दै अबको कृषि नीतिमा सरकारले कृषि व्यवसायीलाई निराश नबनाउने खालको नीति लिएको मन्त्री भुषालको छ।

**उत्पादन सामग्रीमा अनुदान** : भनिएको छ, हामीले दिदै आएको व्यक्तिगत प्रतिस्पर्धात्मक अनुदानको सट्टामा सबैले पाउने गरी बीउ, नश्ल, मल, सिँचाई, विजुली जस्ता उत्पादनका मुख्य सामाग्रीहरुमा अनुदान केन्द्रित गरिएको छ। तिनलाई सर्वसुलभ बनाइने छ।

सबै किसानको घरदैलोमा प्रविधि सेवा-टेवा : हरेक किसानको प्राविधिक सेवा पाउने कुराको ग्यारेन्टी गरिनेछ। स्थानीय तहमा आठ हजार कृषि तथा पशुसेवा तर्फको प्राविधिक जनशक्तिको दरवन्दी रहेको स्थानीय तहसँग समन्वय गरी रिक्त रहेको ६ हजार दरवन्दीमा अविलम्व पदपूर्ति गरिने छ।

**सस्तो र सुलभ ऋण** : सस्तो व्याजदरका ऋणमा वास्तविक किसानको पहुँच ग्यारेन्टी नभएको अवस्थालाई अन्त्य गरिने छ। हरेक किसानलाई ५ प्रतिशत नबढ्ने गरी सस्तो व्याजमा सुलभ ऋणको प्रत्याभूति गरिने छ।

**बाली तथा पशुपन्छी बिमा** : कृषि तथा पशुपन्छी बिमा कार्यक्रमलाई सहज र सस्तोमा किसानको पहुँचमा पुऱ्याउने ग्यारेन्टी गरिने छ। प्राकृतिक प्रकोप र अन्य भवितव्यबाट कृषि बाली-वस्तुको हानी नोक्सानीबाट किसानलाई सुरक्षित गरिने छ।

**न्यूनतम् बचतको ग्यारेन्टी** : किसानले उत्पादन गर्ने मुख्य बाली-वस्तुको उत्पादन लागतको मूल्याङ्कन गरेर उचित वचतको ग्यारेन्टी नेगरी न्यूनतम् समर्थन मूल्य ताकिने छ।

किसानले आफ्नो उत्पादन सरकारले तोकेभन्दा बढी मूल्यमा बजारमा बेच्न सक्नेछन् तर बजारमा न्यूनतम् मूल्य पनि नपाएमा खरिद गर्ने व्यवस्था सरकारले गर्ने छ।

भनि महत्वकांक्षी कार्यक्रम सार्वजनिक गरिएको छ।

मन्त्री भुषालले भने जस्तै कृषिजन्य वस्तुको आयतमा देशको अर्थतन्त्र विदेशमा पठाउनु परेको अवस्थामा कृषिलाई प्राथमिकता दिएर ल्याएको यस खालको कार्यक्रमले निस्चय पनि कृषिमा आमूल परिवर्तन ल्याउने देखिन्छ। यस प्रकारको घोषणाले देशको अर्थतन्त्रलाई थप बलियो बनाउने सम्भावना बढ्नुका साथै खाद्यमा आत्मनिर्भर बन्न सके खाद्यान्न अभावको त्रासबाट नेपाली जनता टाढा रहने छ। अहिलेको जस्तो कोभिड-१९ को भाइरस संक्रमण भइरहेको अवस्थामा कुनै पनि देशले आफ्नो देशको जोखिमलाई ध्यानमा राख्दै आपूर्ति र निर्यात गर्न बन्द गरिएको खण्डमा हाम्रो खाद्यान्न कमी भएको देशको अवस्थामा कसरी पार पाउन सकिन्छ ? कुनै न कुनै जटिल परिस्थितिमा पनि जनतालाई भोकै राख्न सकिन्न। त्यसकारण पनि यस प्रकारको कार्यक्रमले मुलुकलाई हित गर्छ नै।

२०१५ साल सम्मको कृषि मन्त्रालयको रिपोर्टहरूमा हाम्रो देशमा उत्पादन खाद्यान्न भारतमा निर्यात गर्दै आएको देखिन्छ। तर २०३५/०३६ साल पछि भने आफ्नै देश नेपालमा खाद्यान्न कमी भई आयत गरी खानु परेको अवस्था छ। कृषि नै सबै कुरा होइन तर, प्रमुख कुरा चाहीँ हुन्। कृषि विना कुनै कुरा पनि अगाडि बढाउन सकिदैन। मन्त्री भुषालको यो ५ वुँदे घोषणाले देशको कृषि अगाडि बढ्ने मात्र नभई मिहिनेत कस किसानमा खुशीको आशा पलाएको छ। नीति र कार्यक्रम मात्र ल्याएर हुँदैन। कार्यन्वयन पक्ष महत्वपूर्ण हुन्छ। यदि दृढताका साथ कार्यन्वयन गर्न सके निराश बन्दै गएको कृषि क्षेत्र निश्चय पनि अगाडि बढ्ने छ।

कृषि मन्त्रालयले हरेक मन्त्रीहरूको कार्यकालहरूमा किसान र कृषिको लागि धेरै प्रकारको नीति तथा कार्यक्रमहरू ल्याए। तर जति पनि कार्यक्रमहरू किसान मैत्री बन्न सकेन।

धेरै नेपाली किसानहरू कृषि कर्म गर्न वित्तिय संघ-संस्थाहरूबाट ऋण लिएर कृषि कर्म गरि रहेका छन्। उनीहरू बैंकको ऋणको व्याजसम्म तिर्न नसकेर करोडौं रुपैँयाँ ऋणमा डुबिरहेका छन्। उनीहरूको घर जग्गा लिलाम हुने अवस्थामा पुगेको छ।

यदि वास्तविका रुपमा सरकारले ल्याएको कार्यक्रम सही रुपमा कार्यन्वयन हुने हो भने अब खेती गर्ने उचित जग्गा जमीन र सिँचाईको व्यवस्थापन हुने हो भने वास्तविक गरेर खाने व्यवसायिक किसानले बैंकहरूबाट लिएको ऋणबाट डराउनु पर्दैन।

कार्यक्रम घोषणा मात्र गरेर हुँदैन। हाम्रो देशमा किसानहरूको बजारको पहुँच अझै पनि बन्न सकेको छैन। सरकारले बिक्री नभएको अवस्थामा खरीद गरिदिने व्यवस्था गरेर मात्र मात्र पुग्दैन। त्यस्तो अवस्था विगत ३६ साल अघि पनि भएको पाइन्छ र अहिले पनि खाद्य व्यवस्था आपूति विभागले खरीद गरिरहेको छ। सरकारले कुन-कुन बालीमा त्यस्तो व्यवस्था गर्न सकिन्छ। किटान गरिनु पर्छ। धान, चामल, गहुँ खरीद गर्ने व्यवस्था पहिले पनि थियो र अहिले पनि छ। यदि त्यही प्रणाली हो भने कार्यक्रम कार्यन्वयन गर्नु र नगर्नुमा कुनै भिन्नता हुन सक्दैन। त्यसकारण पनि किसानले उत्पादन गरेको वस्तुको बजार सबभन्दा पहिलो व्यवस्था गर्नु पर्छ। नेपालमा नभई नहुने कृषि वस्तु मात्र आयतमूखी बनाउनु पर्छ। अहिलेको कार्यक्रम समग्रमा हेर्दा सकारात्मक छ। तर व्यवहारमा कसरी लागु गर्ने भन्ने विषयमा दुविधा रहेको छ।



# The power of farmers' organizations

**Stronger together: The power of farmers' organizations**

06 February 2020



Small family farms make up 85 per cent of all farms worldwide, and smallholder farmers make up the majority of the world's rural poor. To mitigate the challenges that come with working in isolation " and to increase profitability and productivity " these smallholders often form organizations.

Working together makes it easier for small-scale farmers to access raw materials such as seeds, water and fertilizer and to aggregate their yields, enabling them to reach larger markets. This in turn allows them reduce costs and improve their bargaining power, better positioning them to improve their food security and move out of poverty. And when farmers thrive, other players in the food system benefit, too.

But to fulfil this role, these organizations often need tailored attention and support. IFAD recognises the central role of farmers' organizations in smallholder development and is committed to supporting them in building their capacity and strengthening their ability to perform.

In 2005, IFAD established the Farmers' Forum, a framework for the partnership between IFAD and organizations of smallholder farmers. The Forum facilitates the ongoing process of consultation between these producer organizations, governments and IFAD, with a focus on rural development and poverty reduction. Each global meeting of the Forum serves as an opportunity to reaffirm our mutual commitment to partnership and to coordinate our operations.

*©IFAD/Francesco Cabras : A group of Jakun farmers gathers amongst some of their seedlings.*

The Jakun people, a subgroup of the Orang Asli indigenous peoples of Malaysia, have long been conscientious stewards of the local forest. Today, their traditional livelihoods are at risk – but thanks to the IFAD-funded Indigenous Peoples Assistance Facility, they have a way to maintain autonomy. This unique financial instrument supports indigenous peoples by building on their governance systems, culture, identity, knowledge and natural resources. Local organizations of indigenous peoples submit project proposals based on their self-identified priorities and, after receiving funding, have full responsibility for implementation. The ownership of the initiatives is thus in their hands, with positive impacts in terms of sustainability as well.

*©IFAD/Susan Beccio : Members of the Magemo community pause for a photo in Bungoma, Kenya.*

To dramatically step-up its impact and capacity to assist the countries most in need, IFAD is developing a new financial model that enables more resources to be channeled to the poorest countries and the poorest people. This will ensure that IFAD can continue to offer a strong return on investment for its donors, and multiply the impact of their contributions.

The Adaptation for Smallholder Agriculture Programme (ASAP), IFAD's flagship programme for channeling climate and environmental finance to smallholder farmers, will expand to provide more funding to lower-income countries, especially those with high levels of malnutrition, and to fragile situations where climate adaptation investment is lacking. It will focus more on the interlinkages between climate change and its impact on women, young people and nutrition.

In addition, the new Private Sector Financing Programme will aim to bring private sector investment and know-how to bear on the development of rural small and medium-sized enterprises and farmers' organizations.

IFAD also acts as an assembler of finance and is valued as an honest broker, including by rural people and their organizations. By working with governments, civil society, the private sector, and other partners, IFAD increases investments that are transforming rural areas economically and socially.

IFAD will continue to invest at community level in small and medium enterprises, small-scale producers, and in the rural non-farm economy, simultaneously expanding its work on climate change adaptation, environmental protection, gender and youth empowerment, and improved nutrition.

quality feed. On the other hand, establishing a forage stand requires careful planning, usually a year in advance, and specific steps in preparation, but the efforts may fail if weather conditions sabotage the efforts. Erosion is a real concern when starting from scratch because there will be time when no plants are holding onto the soil.

**CONCLUSION**

The relevance of forage production and utilisation in farming systems rest primarily in its applicability and potential to service the need and aspirations of the integrated small-scale livestock farmers. Pasture establishment has been and will continue to be an important resource base for feeding dairy animals. As a matter of fact, smallholder dairy farmers only own small number of animals, and therefore, adoption of any new technology involves a risk factor whether in economic outlay or management. A systematic critical appraisal of the establishment and management methods of improved pasture and fodder species is probably relevant in the promotion for better development and utilisation of the crop by dairy cattle in the small-scale farming systems.

**REFERENCES**

Chen, C.P. (1985). The research and development of pastures in Peninsular Malaysia. In: International Symposium on Pastures in the tropics and Subtropics. Trop. Agric. Res. Series No. 18. TARC, Ministry of Agriculture, Forestry and Fisheries, Japan: 33-51.

Hassan, A.W. and Devendra, C. (1982). Assessment of feed resources, feeding systems and problems concerning smallholder dairy cattle production in the Milk Collecting Centre, Jasin, Malacca. MARDI Report No. 17, 47p, MacEvoy, M.G. (1974). Establishment and management of pastures plantations.

# Calls to eradicate extrem poverty : president IFAD



IFAD President calls on Member States to increase investment in rural development to eradicate extreme poverty and hunger

07 February 2020

Rome, 11 February 2020 – Gilbert F. Houngbo, President of the International Fund for Agricultural Development (IFAD), will today call on its 177 Member States to help the Fund reach its goal of doubling its impact on the lives of the world's most marginalized people by 2030 - with a proposed US$30 billion programme of work over the next 10 years.

"With extreme weather, conflict, fragility and migration threatening our food systems, we need to invest more in the rural people who grow our food," said Houngbo. "We have just 10 years to reach our global targets of eradicating extreme poverty and hunger. That means stepping up our investments where poverty and hunger is concentrated – in rural areas."

The call for increased investments will be made at the launch of IFAD's 12th replenishment – a year-long consultative process during which IFAD's Member States come together to agree strategic directions and mobilize funds for IFAD to provide as concessional loans and grants to developing countries.

With increased support from Member States, IFAD aims to raise the production of more than 200 million small-scale producers, improve the resilience of more than 100 million rural people, and increase the incomes of about 260 million rural women and men by at least 20 per cent by 2030.

The evidence is increasingly clear that the road to achieving the Sustainable Development Goals (SDGs) runs through rural areas, where 80 per cent of the world's poorest people live. Investing in agriculture and rural development is the most direct means of increasing their incomes and food security. Studies show that economic growth in agriculture is two to three times more effective at reducing poverty than growth in any other sector.

"With more than 40 years' experience on the ground, we know the last mile can be the hardest," said Houngbo. "We can still deliver on the SDGs and eradicate extreme poverty and hunger – but not if we continue on our current trajectory. We need more funding, new partnerships and financial instruments, and more inclusive approaches."

As the only multilateral institution exclusively focused on rural areas, IFAD works in remote places where few other development projects reach. Over the next decade, IFAD will use its unique focus and expertise in designing and rolling-out rural investment projects targeting the world's most vulnerable groups, including rural women, youth and indigenous peoples.



# किसान वर्गहरूमा राजनीतिक चेतनाको विकास नभै नेपालको राजनीतिक परिवर्तन असम्भव

प्र.ने.क.पा. (मशाल)



१. वास्तवमा किसान भनेको निस्चित समरुप वर्ग होइन, त्यसैले किसान सबैमा एकरुपचता देखिदैन उनीहरूमा आर्थिक दृष्टिकोणले विविधता पाइन्छ। त्यसैकारण मजदुर वर्गमा जस्तो सबैमा एकै समस्या नभै समस्याको विभिन्नताले एकै नारामा एकै किसानहरूलाई समेट्न सकिदैन। त्यसैले उनीहरूभित्रनै विभिन्न वर्गहरू पाइन्छ। जस्तो : (भूमिहीन सुकुमवासी, गरीब किसान, निम्न माध्यम वर्गीय किसान, मध्यम वर्गीय किसान र धनी किसान यी किसान वर्गहरू कति प्रतिशत छन् भनी जमीनको स्वमित्व र जोतका आधारमा छुट्याउँदा हामीले तराईका ठाउँ-ठाउँका र पहाडकाा ठाउँ-ठाउँका गाउँहरूको सर्भेक्षण गरी निकालेका अनुमानित तथ्याङ्कको आधारमा कुल जमिन्दार तथा सामन्ति वर्ग १.२५ प्रतिशत, धनी किसान ४.५१ प्रतिशत मध्यम किसान २०.५ प्रतिशत, निम्न-मध्यम किसान २८.५२ प्रतिशत गरी किसान ३५.०८ र भूमिहीन सुकुमवासी १०.२७ देखिएको छ। सरकारी तथ्याङ्क विभागको जोतको वर्गीकरणको आधारमा लिने हो भने जमिन्दार वा सामन्त वर्ग ०.६८ प्रतिशत धनी किसान २.७४ प्रतिशत मध्यम वर्गीय किसान १२.६०, प्रतिशत निम्न मध्यम किसान ३३.४८ प्रतिशत, गरीब किसान ५०.१२ प्रतिशत र भूमिहीन सुकुमवासी ०.३८ प्रतिशत रहेको देखाइएकोछ। यो भूमि वितरणको स्थितिको आधारमा हेरिएको हो।

अब कुन-कुन परिवारले कति भूमि ओगटेका छन् भनी हामीले माथि भनिएकै सर्भेक्षण गरी हेर्दा २०४३ को सर्भेक्षण रिपोर्ट अनुसार :

पहाडी क्षेत्र

| **वर्ग** | परिवार संख्या | प्रतिशत | क्षेत्रफल (हे) | प्रतिशत |
|---|---|---|---|---|
| भूमिही सुकमवासी | ७ | ३.५९ | ... | ... |
| गरीव किसान | ९२ | ४७.२० | ३४ | २२.२२ |
| निम्न माध्य वर्गीय किसान | ६२ | ३१.९७ | ४४.३० | ३२.७८ |
| मध्यम वर्गीय किसान | ३४ | १७.४३ | ५६.७० | ४२.०० |
| धनी किसान | - | - | - | - |
| जमिन्दार | - | - | - | - |
| **कुल** | १९५ | १००.०० | १३५ | १००.०० |
| तराई क्षेत्र | | | | |
| भूमिहीन सुकुमवासी | ३४ | १६.८७ | - | - |
| गरीव किसान | ४८ | २३.३६ | १६.८७ | ३.९६ |
| निम्न भध्यम वर्गीय किसान | ५३ | २६.१९ | ५९.४३ | १५.५० |
| मध्यम वर्गी किसान | ४६ | ४४.४० | १३२.९४ | ३२.११ |
| धनी किसान | १८ | ८.८२ | ११२.१० | २७.८४ |
| जमिन्दार | ५ | २.४६ | ८५.७९ | ७१.०३ |
| **कुल** | २०४ | १००.०० | ४०७.१४ | १००.०० |

(स्रोत : अप्रकाशित मस्यौदा दस्तावेजबाट)

*यी वर्गहरूले त्यसभन्दा माथिको वर्गहरूलाई साथमा लिएरनै देशको विद्यामान किसान समस्यामा आमूल परिवर्तन ल्याउन सक्छन् त्यसकारण कृषि प्रधान देश नेपालमा यिनी कृषक वर्गहरुनै देशको आधारशीला हुन्। त्यसैले नेपालको आर्थिक, सामाजिक, राजनीतिक विकासमा यिनीहरूको भूमिमा महत्वपूर्ण हुन आउँछ।*

किसान वर्गहरूको स्थिति आयस्रोत जमिनको अनुपातमा फरक-फरक देखिन्छ। र पहाडमा जमिन्दारी किसाननै पाइन्न भन्ने गरीब तथा निम्न मध्यम वर्गीय किसानको वाहुल्यता पाइन्छ।

सरकारी तथ्याङ्क विभागको कृषि गणना २०३८ को तथ्याङ्कलाई हेरौं :-

| जोतको आधार | परिवार संख्या | प्रतिशत | क्षेत्रफल (हे) | प्रतिशत | वर्ग |
|---|---|---|---|---|---|
| भूमिहीन | ८,२२४ | ०.३८ | - | - | भूमिहीन |
| ०.०-०.५० | १०,९९,६७७ | ५०.१२ | १,५५,३४३ | ६.५७ | गरीव किसान |
| ०.५०-२.०० | ७,३४,४७१ | ३३.४८ | ७,५५,३४३ | ३०.६५ | निम्न मध्यम किसान |
| २.००-५.०० | २७६,६३० | १२.६० | ८,३५,३६२ | ३३.९१ | मध्यम वर्गीय किसान |
| ५.००-१०.००, | ६०,०८२ | २.७२ | ३,८८,६७९ | १५.७८ | धनी किसान |
| १० हे. भन्दा माथि | १४,८७२, | ०.६८ | ३,२२,४३४ | १३.०९ | जमिन्दार |
| | २१,९३,९५६ | १००.०० | २४,६३,७१७ | १००.०० | |

किसानहरूलाई अर्को समस्या ऋणको समस्याले पनि त्यतिकै गाँजेको छ। एकातिर सुलभ तरिकाले उनीहरूले ऋण पाउन सकिराखेको छैन।

(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग)

यस आँकडा अनुसार सामन्त वर्ग नगण्य मात्रामा रहेपनि कृषिमा यिनीहरूको नियन्त्रण रहेको छ । जुन सामन्ति अधिनायकवादीको जग हो । यसबाट के देखिन्छ भने ५०.१२ प्रतिशत गरी किसानसँग ६.५७ प्रतिशत र ०.६८ प्रतिशत जमिन्दार वर्गसँग १३.०९ प्रतिशत देखिन्छ । यी असमानताको कारण र सत्तामा पनि यिनीहरूकै वर्चश्व रहेकाले यो सामन्तवादी व्यवस्था हुन गएको हो । यही सामान्तवादी व्यवस्थाका कारणलेनै अत्याधिक किसानवर्गहरूको समस्याहरू जटिल र गम्भीर बन्न गएको हो । यस तथ्याङ्क अनुसार नेपाल २१,९३, ९५६ परिवार संख्या मध्ये जमिन्दार परिवार संख्या १४,८७२ हटाई बाँकी २१,८२,०८४ किसान परिवार छन् । धनी-किसान वर्गमा तत्काल केही समस्या नदेखिए पनि देशमा सामन्ति व्यवस्थाको वर्चश्वको कारणले भविष्यमा क्रमश: उनीहरू पनि निम्न श्रेणीहरूमा झर्दै जानेछन् । वर्तमान प्रणालीले गर्दा खासगरी मध्यम वर्ग देखि तलका वर्गहरूलाई उनीहरूको वर्गीय स्थिति अनुसार क्रमश: झन्-झन् विकराल स्थितिले गाँज्दै लगेको छ । जसको पारिवारिक संख्या त्यही आँकडा अनुसार पनि २१,२२,००२ देखिन आउँछ । यी मध्यम वर्गलाई सामान्य रुपमा लिए पनि त्यसभन्दा तलका वर्गहरूको समस्या गम्भीर बनेकोछ । यिनीहरूको समस्या हल नभै नेपाली किसानको समस्या हल भएको मानिने छैन । र यसका लागि यो वर्गमानै जागृति आउनु तथा ल्याउनु आवश्यक छ । जसको पारिवारिक संख्या १८,४८,३७३ देखिन्छ । अझ सामन्तवाद अझ सामन्तवादी व्यस्थालाई आमूल परिवर्तन ल्याउने मुख्य प्रेरक शक्ति र गरीव किसान र भूमिहीननै हुन् । जसको पारिवारिक संख्या ११,०७,९०१ देखिन्छ । र ग्रास रुटसम्म पुग्नु भनेको नै यिनीहरूसम्म पुग्नु हो । यी वर्गहरूले त्यसभन्दा माथिको वर्गहरूलाई साथमा लिएरनै देशको विद्यामान किसान समस्यामा आमूल परिवर्तन ल्याउन सक्छन्  त्यसकारण कृषि प्रधान देश नेपालमा यिनी कृषक वर्गहरुनै देशको आधारशीला हुन् । त्यसैले नेपालको आर्थिक, सामाजिक, राजनीतिक विकासमा यिनीहरूको भूमिमा महत्वपूर्ण हुन आउँछ । यी वर्गहरूको आर्थिक सुधार नभै देशको आर्थिक सुधार हुन सक्तैन । यी वर्गहरूको सामाजिक सुधारनै देशको सामाजिक सुधार हो । यी सबैका वाधकको रुपमा सामन्तवादी व्यवस्था र त्यसको संरचनानै राजनीतिक परिवार्तन नभै यहाँ कुनै विकासको सम्भावना छैन । सामन्तवादी व्यवस्थाको उन्मूलननै मुख्य राजनीतिक परिवर्तन हो । राजनीतिक परिवर्तनभै यहाँ कुनै विकासको सम्भावना छैन । सामन्तवादी व्यवस्थाको उन्मूलननै मुख्य राजनीतिक परिवर्तन हो । त्यसको लागि यी किसान वर्गहरूमा राजनीतिक चेतनाको विकास नभै नेपालको राजनीतिक परिवर्तन असम्भव हुन्छ । तसर्थ यिनीहरूको मुक्ति र विकासनै देश र जनताको मुक्ति र विकास हो । यसैकारण नेपालमा किसान वर्गको भूमिका सामन्तवादी व्यवस्था परिवर्तनका लागि महत्वपूर्ण हनु आउँछ ।



२.मुख्यत: अर्ध-सामन्ति, अर्ध-औपनिवेशिक अवस्था रहनुनै किसान समस्याको मुख्य जड हो । राष्ट्रियता र जनतान्त्रिक सवाल हल नभै किसान समस्या हल हुँदैन । किसानको समस्या हल नभै देशको कुनै पनि समस्या हल हुँदैन । त्यसकारण नेपालको किसान समस्यानै आधारभूत समस्या हो । सर्वप्रथम यो समस्या (किसान-समस्या) समाधान हुन 'जसको जोत, उसको पोत,' हुन आवश्यक छ । जसले गर्दा किसानहरूले आफ्नो श्रमको मूल्य आफैले उपभोग गर्न पाउने छन् । यसको लागि दीर्घकालीन संघर्षको आवश्यकता पर्दछ ।

आज देशको कृषि उत्पादन प्रणाली एकदम पछौटे, परम्परागत तथा अवैज्ञानिक प्रकारको छ । वैज्ञानिक ढङ्गको खेती प्रणालीको अभाव र असल सुधारिएको बीउ, मलको प्रवन्ध हुन नसक्नु वैज्ञानिक कृषि औजार नहुनु, सिँचाईको सुविधा नहुनले उत्पादनमा वृद्धि भन्दा ह्रास हन गएको छ । मुलत: उत्पादन वृद्धिका लाग यिनै कुराहरूको आवश्यकता पर्दछ । सर्वप्रथम : किसानहरूको समस्या मुख्यगरी यही नै हुन आएकोछ । यसरी एकातिर उत्पादनमा वृद्धि हुन नसक्नु, अर्कोतिर रोजगारको अभाव र त्यही कृषिमा सीमित हुनु पर्ने वाध्यता झन् परदिन द्रुतगतिले महँगी वृद्धिले किसान जनताको जीवनस्तर दुष्कर हुँदै गइरहेको छ ।

किसानहरूलाई अर्को समस्या ऋणको समस्याले पनि त्यतिकै गाँजेको छ । एकातिर सुलभ तरिकाले उनीहरूले ऋण पाउन सकिराखेको छैन भने पाईहाले पनि कानूनले १० प्रतिशत तोके पनि व्यवहारमा त्यो लागु गरेको छैन र बैंक समेतले यस नियमलाई उल्लंधन गरेको छ । त्यसैले कानून एउटा देखाउने दाँत जस्तो मात्र हुन गएको छ । बैंकहरूमा ऋण पाउन साधारण व्यक्तिहरूलाई कठिन हुने र त्यसमाथि घुस खुवाउनु पर्ने वाध्यतानै परेको छ । जसले गर्दा किसानहरू भ्रष्टचारी र ठूला-ठूला सुदखोरहरूको चंगुलमा नराम्ररी फस्न पुगेका छन् ।

सरकारले कृषि विकासको लागि सुलभ तरिकाले ऋण उपलब्ध गराउने ढ्वाङ्ग फुके पनि कृषि विकास बैंक लगायत मौद्रिक संस्थाहरूले १५-२० प्रतिशतसम्म व्याज लिएका छन् । ऋण असुली गर्दा ३-६ प्रतिशत सम्म हर्जाना क्षतिपूति, चक्रवृद्धि व्याज गर्दै लैजादा २५ प्रतिशत देखि



**Are grasses 10-15 cm tall and well anchored and is there good soil moisture?**

- Once grasses are 10–15 cm tall and under good growing conditions, a quick grazing will enhance tillering and root development. Graze heavily but quickly down to 2.5 cm then rest.
- Always allow grasses to set seed in the first year. Hay cutting is never recommended in the first year.
- Never graze newly sown pastures early under dry conditions or if grasses are poorly developed.
- Avoid grazing aerial or surface sown pastures before they set seed. They are rarely well anchored and are easily pulled out. Stock moderately in the following growth season (e.g. autumn for temperate species, spring for sub tropicals).
- Some pastures have specific grazing requirements (e.g. lucerne and chicory require rotational grazing for good persistence).
- Recent research suggests perennial grasses will be more persistent when rested, especially under adverse conditions i.e. given some form of rotational grazing at least for part of the year.
- The most efficient grazing system for any farm will generally involve a combination of set stocking and some form of rotational grazing.

**THE PROS AND CONS OF PASTURE ESTABLISHMENT**

Whether a producer is part time or commercial, good pastures are profitable. They can provide an economical source of livestock feed, reduce labor requirements, build soil tilth and fertility, reduce erosion, and reduce invasions of noxious and poisonous weeds.

When obtaining new land that will be used for forage production, especially pasture, a forage-livestock producer is encouraged to use the first year carefully. Fertilizing wisely and managing the pasture strategically enables the producer to learn much about what the land is capable of producing. Investing in establishing a pasture from scratch may sound thorough but the pasture can easily revert to the previous plant composition in a few years, becoming a waste of money, time, and labor, if the land is poorly managed. Well established and managed perennial pastures can produce effectively for five to ten years or more.

When a pasture or forage crop is wanted and not currently available or productive, a forage-livestock producer must know how to properly establish a forage stand. Starting from scratch would mean taking a piece of land that was previously planted in a monoculture crop or some wooded land that has been cleared and preparing it, seeding, and producing forage. Establishing a forage plot for pasture or mechanical harvesting can be a risky business.

Removing whatever is currently growing takes careful thought and preparation. Establishing a quality forage stand requires many steps. One factor that must be considered is possible erosion during the time the ground is prepared for planting but not producing. Many producers plan well in advance to reduce the possibility of erosion during that critical time period. With the concept of advance planning in place, removing the existing plants usually means using a powerful herbicide. Liming, fertilization, further weed control and proper seeding need to be carefully planned.

Successful pasture establishment has three essential building blocks: good soil conditions, a properly adapted species, and good weather. The best one to start with is a well-adapted species. Choose to plant a species that is well adapted to the soil pH, the expected climate conditions (winter hardiness), realistic drought or flood tolerance, and well suited to the intended use and livestock type. Species selection is so critical that a complete module is devoted to it in this National Forage & Grasslands Curriculum. Once a forage species has been carefully chosen, look to make the best possible soil conditions. Work to improve soil fertility, which means having adequate levels of macro- and micronutrients, soil structure (aeration, friability) and pH. Keep in mind that eventually a fine, moist seedbed is desired. There are about 20 essential elements for good plant growth. Having a soil test done on several random spots on the intended pasture land will help determine what is needed to improve soil fertility.

Successful establishment of a pasture is greatly determined by weather. The temperature extremes, expected precipitation, and flooding possibilities need to be considered. Many weather conditions are often out of your control but establishment planning should utilize as much weather information as possible. Weather patterns in many areas indicate that spring and fall are the most moderate seasons and establishment often occurs then. However, in areas where spring is very wet and unpredictable, like the northwest, establishment often occurs in the fall. Since a moist soil will be beneficial, certain weather conditions can somentimes be very wisely used.

Overall, establishing a pasture can mean a high-quality forage that is well matched to the intended livestock and use. A producer can carefully plan what is best for his operation. If well planned and carried out, establishing a forage stand can mean years of high-

**after the autumn break especially when maximum day temperatures are below 20°C. They start producing eggs 6-8 weeks later.**

- As a rule, don't sow on the first rain of the season (as subsequent weed germination is likely to be a problem).
- Identify what weeds are present or likely to be present.
  – either use the appropriate herbicide at label rates, or
  – cultivate to achieve a firm, fine weed-free seedbed.
- Identify what pests are present or likely to be present and apply the appropriate insecticide. For earth mites, spray 4 weeks after the autumn break. This often coincides with the knock-down herbicide application prior to sowing.
- Where sowing into a dry seedbed is the only practical option (e.g. direct drilling cracking clay soils), good weed control in the previous season is paramount.
- Preferably sow without cover crops – these compete with the young pasture for moisture and light just like weeds.

**5. Adequate soil moisture - enough for quick germination and survival of the sown pasture**

There must be adequate soil moisture around and above a seed **Moisture extending from the surface to at least 20 cm**

- Provide a firm, moist seedbed. This allows close contact between the soil and the seed. Seeds can then absorb moisture, germinate and emerge more quickly and reliably. (Arrows indicate direction of moisture flow.)
- Sow when conditions are best for germination and survival
  – temperate perennials: from autumn through to early spring (depending on the district)
  – sub tropical species: sow late spring to early autumn.
- Generally avoid dry sowing as it increases the risk of failure. Where dry sowing has been successful, competition from weeds has been minimal and germinating rainfall has been sufficient for seedling survival until follow-up rain has fallen.
- For temperate species which can be sown in the cooler months, adequate soil moisture is more important than time of sowing.

**6. Accurate seed placement - neither exposed nor buried too deep**

Seeding success of lucerne by depth and by soil type (sand versus clay)

**For direct drill sowings of most small seeded species, 5% of seed/fertiliser should still be visible in the row; for ploughed seedbeds, tilth over the seed should be no more than 1 cm deep.)**

- Direct drilling
  – Average furrow depth 25 mm, provided the furrow remains open, with 1–2 cm of loose soil over the seed.
  – Use inverted 'T' sowing points when direct drilling.
  – Don't use harrows or rollers.
- Conventional sowing
  – Beware of sowing too deep especially when the seedbed is loose and fluffy.
  – Rolling can enhance seed-soil contact but beware of surface crusting in some soils.
- Use seed that is certified or quality assured wherever possible and check its germination and purity.
- Use sufficient seed to ensure a dense pasture.
- Be aware of specific requirements of some species e.g. Rhodes grass, lovegrass and wallaby grass require very shallow sowing.
- Be aware that some soil types such as heavy cracking clays can lose moisture quickly after sowing while other clays are prone to surface crusting or frost lift in ploughed seedbeds.
- Ensure legume seed is inoculated with the correct strain of rhizobia and where necessary, lime pelleted. Molybdenum, insecticides and fungicides can be applied to seed to enhance establishment in many situations.
- Provide good nutrition – Apply adequate phosphorus, sulphur and molybdenum at sowing time.

Use nitrogen fortified (compound) fertilisers for direct drill sowings (maximum rate, 20 kg N/ha).

Banding fertiliser near the seed is four times more efficient than broadcasting.

**7. Monitor weeds & pests regularly after sowing**

Effect of banding and broadcasting superphosphate on yield of subclover

**Look for pests and weed seedlings at 10-14 day intervals after sowing. This check is most often overlooked.**

- Check pastures for pests regularly. For earth mites this may require close inspection on hands and knees and using glasses if needed for reading. Treat young pastures immediately if mites are found – many mites will probably not be seen.
- The likelihood of insect pests being present is generally greater in direct drilled than conventionally sown new pastures.
- Control weeds with selective herbicides or possibly with grazing in grassy situations.
- In direct drilled pastures under warm, moist spring conditions, slugs may be a problem. Slugs can be detected by placing wet paper under bags or boards at several sites. A registered insecticide is available for use at or after sowing if they pose a significant threat.

**8. Initial & subsequent grazing**



४२ प्रतिशत भुक्तान गर्न परिराखेको छ। किसानहरूले यस्तो बोझले गर्दा ऋण भुक्तान गर्न नसकेर ताकेता, धितो-लिलामको सूचना गोरखापत्रमा भरिएको हुन्छ भने कत्तिको घरवारै उठिवास भएको छ।

**कृषि बजारको समस्या :**

योजनावद्ध तथा संगठित कृषि बजारको व्यवस्था छैन। केही संगठित संस्थाहरू जस्तो 'साझा संस्था' खाद्य संस्थान' 'कृषि सामागी संस्थान' 'चिया विकास निगम' जुट विकास तथा व्यापार निगम' 'धान चामल निर्यात संस्थान'हरू देखा परे पनि ती संस्थाहरूको प्रकृति मुख्य मुख्य वस्तुहरूमा एकाधिकार कायम गर्न रहेकाले त्यसले किसानहरूलाई उपलब्धी हुन सकेको छैन। संगठित र व्यवस्थित बजार व्यवस्थाको अभावले गर्दा बिक्रेता र उपभोक्ताको बीचमा दलाल व्यापारी वर्ग देखापरी उनीहरूलाई हरेक तरिकाले ठगी रहेको हुन्छ। एकातिर किसानहरूले उचित मूल्य पाइरहेका छैनन्। किसानहरूको हातमा छउञ्जेल सस्तो र व्यापारी वर्गका हातमा पुग्नासाथ महँगीमा वृद्धि गर्ने परम्परा छ। यसरी यिनीहरूले आफ्नो वस्तु सस्तोमा र अन्य दैनिक उपभोग्य वस्तु महँगोमा खरिद गर्नु परिराखेको छ। किसानको श्रमबाट उत्पादन भएको वस्तु तथा अन्य वस्तुहरू व्यापारी वर्ग खासगरी कालो बजारियाको स्वेच्छामा निर्भर रहेको छ। यस तथ्याले यसैलाई पुष्टि गर्दछ।

| उत्पादित वस्तुहरू | ४०/०४१ | ०४१/४२, | ०४२/४३, | ०४३/०४४, | ०४४/०४५ |
|---|---|---|---|---|---|
| -कृषिजन्य वस्तुहरुको मूल्य वृद्धि | -५.६ | -०.८ | +११.६ | +०८ | +३.० |
| -आयातित औद्यैगिका वस्तुहरुको मूल्य वृद्धि | +६.५ | +८.८ | +११.३ | +६.३ | +८.५ |

स्रोत :-आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय, श्री ५ को सरकार, २०४६

*यी वर्गहरूको आर्थिक सुधार नभै देशको आर्थिक सुधार हुन सक्तैन। यी वर्गहरूको सामाजिक सुधारनै देशको सामाजिक सुधार हो।*

यसरी हेर्दा प्रत्येक वर्ष कृषिजन्य वस्तुहरूको मूल्य घटेको छ भने औद्यौगिक वस्तुहरूको मूल्य भने लगातार वृद्धि भइरहेको छ। यसबाट स्पष्ट रुपमा विदेशी पूँजीवादी-साम्राज्यवादी मुलुकले फाइदा उठाईरहेका छ्न। देशभित्र राष्ट्रिय उद्योगको नगण्य र पिछडिएको अवस्थाले औद्यौगिक तयारी वस्तु अन्य देशमाथि भरपर्नु पर्ने स्थितिले मूल्य निर्धारण पनि तिनको दलाल पूँजीपति वर्गबाटै शोषण र उत्पीडन हुने गरेको छ।

**वेरोजगारी :**

नेपालमा सामन्तवादी व्यवस्थाले गर्दा भारतीय विस्तारवादको अगाडि घुँडा टेक्ने नीतिले गर्दा, अथवा उसको स्वार्थपूर्तिका लागि गरिएको सम्झौताले गर्दा र आफ्नै जन-विरोधी औद्यौगिक नीतिले गर्दा उद्योग-धन्दाको विकास हुन सकिराखेको छैन। त्यसकारण ग्रामीण क्षेत्रमा बेरोजगारको समस्या तीव्र रुपले उठिरहेको छ। यद्यपि पिछडिएको तथा अवैज्ञानिक खेती प्रणालीले गर्दा स-साना श्रम मुलुक कार्यहरूमा किसानहरूको श्रम-शक्ति खर्च भइरहेकाले हेर्दा र बेरोजगार जस्तो देखिन्न तैपनि ग्रामीण क्षेत्रमा मात्र करीब ५.५० प्रतिशत पूर्ण वेरोजगार रहेको कुरा कतिपय स्रोतहरूले उल्लेख गरेका छन्। तर साना-साना कार्यहरूमा बढी अलमलिनु पर्ने भएको हुनाले लुकेको वा अर्ध बेरोजगारको रुपमा भने जनसंख्याको निकै ठूलो हिस्सा भएको अनुमान गर्न सकिन्छ। अर्ध-वेरोजगार बारे त्रि.वि.को एक प्राध्यापकले अनुमान गरेका छन् कि वर्षेनी ग्रामीण क्षेत्रका प्रति परिवार १९५ र प्रति कामबाट ११८ कार्यदिनहरू मात्र उत्पादन कार्यमा प्रयोग भईरहेका छन्। बाँकी परिवार ३३० (६३.०७ प्रतिशत) दिनहरू र प्रति कामबाट (६३.४३ प्रतिशत) दिनहरू बेकारमा गईराखेका छन्। बाँकी जब उत्पादनका साधानहरूबाट मानिसहरू वञ्चित हुन थाल्दछ अनि बेरोजगारको समस्या सिर्जना हुन थाल्दछ। अझ त्यस भन्दा पनि सरकारबाट शोषण र उत्पीडनको संरक्षण भएकाले फटाहा पञ्च, जाली-फटाहा, भ्रष्टाचारी, कर्मचारी, साहु महाजनबाट हुने शोषणले यो स्थितिलाई झन् चर्काई दिएको छ।

-यस कार्यक्रमहरू रोजगार एवम् स्वरोजगार गराउने टेवा पुऱ्याउने खालका छन्।
-तपाईसँग जाँगर छ तर शिप छैन भने यस परियोजनामा सम्पर्क राख्न हुन।

शिप हो सिर्जना, शिप हो सम्पत्ती, शिप सिकी उद्यम गरी विदा गरौं गरिबी।
शिप सिकौं, रोजगार बढाऔं, सुखी जीवनको लागि शिप चाहिन्छ।
युवालाई शिप दिऔं, रोजगारी बढाउँ, शिप सिके भोको बस्नु पर्दैन।
शिप हो सिर्जना, शिप हो सम्पत्ती, शिप सिकी उद्यम गरी विदा गरौं गरिबी।

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि
**परियोजना दोस्रो**
बुद्धनगर, काठमाडौं
फोन : ९७७-१-४७८६३११, ४७८६४११
पैसा तिर्न नपर्ने टेलिफोन नं.१६६००१६७७७७ वा
वेभसाइट www.event.gov.np




# मेरो सम्झनामा लखनदास बनेपाली



✍मोहनकुमार प्याथ

लखनदास बनेपालीको जन्म मिति १९९५ साल साउन तृतीयाका दिन भ.पु.जि., न.पा.वडा नं. ३ तचपाल टोलको भन्सारमा भएको हो। हजुरबा लक्ष्मीदास बनेपाली, बुवा नारायणदास र आमा पूर्णमाया बनेपालीको कोखबाट जेठो छोराको लखनदास रुपमा जन्मनु भएको हो। उहाँको माहिला भजनदास, कान्छो भाई भवानीदास हुनुहुन्थ्यो। तर कान्छो भाई भवानीदास भने स्वर्गीय हुनु भएको थियो। उहाँले प्राइभेट स्कूलबाट शुरु भएको बेलादेखि पार्टी र संगठनमा हिडेको थियो। उहाँले बी.ए.सम्म पढ्न पाएका थिए। २००७ सालको जनक्रान्तिको लहरले उहाँमा नयाँ विचारहरूले प्रेरित हुनु भयो। जसको कारणले त्यसै समयदेखि राजनीतिमा लाग्नुभएको थियो। कम्युनिष्ट नेता नारायण विलास जोशीको सहयोग र प्रेरणाले कम्युनिष्ट पार्टी र राजनीतिक पार्टीको जनवर्गीय किसान संगठनहरूमा समेत आवद्ध भई देशमा किसानहरूको बाहुल्य भएको अखिल नेपाल किसान संगठनको महत्वपूर्ण भूमिका निभाउँदै आउनु भएको थियो। उहाँलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउने किसान नेताहरू भक्तपुर जिल्लाकै गणेशप्रसाद मानन्धर पनि एक हुनुहुन्थ्यो। पछि उहाँलाई संगठनले नैतिक कारवाही गरेको कारणले निष्क्रिय भयो। किसान आन्दोलनको सम्बन्धमा के के सङ्गाल्नुभएको थियो भन्ने उहाँको बारेमा २०१० सालमा अखिल नेपाल किसान संगठनको नेतृत्वमा भक्तपुर जिल्ला अखिल नेपाल किसान संगठनका नेता श्रीबहादुर प्रजापतिको जोत जग्गा सम्बन्धमा बाली काट्ने अभियान गर्दा-गर्दैको अवस्थामा विभिन्न बाधा अड्चनसमेत भोग्नुपरेको थियो। त्यस विषयमा किसान नेता.श्रीबहादुर प्रजापति लड्दा-लड्दै उहाँको सर्वश्वसमेत हरण भएको भक्तपुरका न्यायप्रेमी जनताले बुझ्कै छन्।

उहाँको भाइ किसान नेता दलबहादुर प्रजापति पनि उहाँकै सहयोद्धा भई

धेरै दुःख कष्ट भोगी आफ्नै दाजुको योगदानलाई कदर गर्दै हालसम्म किसानहरूको

*उहाँको जग्गासमेत सर्वश्व हरणमा परेको थियो। किसानहरूको जग्गा हडप्नेमा भक्तपुरका महेश्वरलाल श्रेष्ठले अगुवाई गरेका थिए।*

हक हितको लागि आवाज बुलन्द गर्दै आउनु भयो। त्यतिहुँदा हुँदै पनि राजनीति पीडित भएको कारण धेरै संघर्ष पछि भाई किसान नेता क.दलबहादुरले पनि केही जग्गा पाउनु भएका थिए।

उहाँको जग्गासमेत सर्वश्व हरणमा परेको थियो। किसानहरूको जग्गा हडप्नेमा भक्तपुरका महेश्वरलाल श्रेष्ठले अगुवाई गरेका थिए। उक्त कार्यमा किसान नेता लखनदास बनेपालीले मुख्य जिम्मेवारी लिएकोमा एकदिन अचानक किसान नेता श्रीबहादुर प्रजापति एक्लै गएर भूमिसुधार कार्यालयमा सही गरेर आएका भनी खबर थाहा पाएपछि आन्दोलनमा क-कसलाई आन्दोलन प्रति सन्तुष्ट नभएको भनि थाहा पाएका थिए भन्नेबारे सोको जवाफहरु अधिकांश नेता तथा कार्यकर्ताहरूको कुरा र काममा फरक-फरक भएकोमा अधिकांश क्रान्तिकारी विचारमा लागे पनि सामन्ति चरित्र हावी हुँदै गएको महसुस भयो।

त्यसपछि पञ्चायती सरकारले पक्राउ गर्न वारेन्ट जारी गरेको कारण भूमिगत बस्दै आएका थिए। पछि पक्राउ परि जेल समेत जानु भयो। आफ्नो छोरा र श्रीमती चन्द्रबदनको रोगको कारण चिन्ताजनक अवस्थामा पैसा नभएर कोही कतैबाट सहयोग नपाएको अविस्मरणीय घटना उहाँले बताउनु भएको थियो। उक्त रोगबाट चारदिनसम्म रोगबाट थलिनु पर्दा पनि डेरामा बसेका बनेपालीले कतैबाट सहयोग पाएनन्।

२०३० सालमा भक्तपुर जिल्ला सरस्वती विद्या गृहमा शिक्षक भएर गुजारा चलाएर बस्नुभयो। पार्टी र संगठनको विषयबारे ने.क.पा.बागमती अञ्चल सदस्य र जनवर्गीय संगठनमा गणेशप्रसाद मानन्धर पछि लखनदास बनेपाली हुनुहुन्थ्यो। भक्तपुर जिल्लामा २००८ सालदेखि जनवर्गीय संगठन बनाएर पार्टी चलाउँदै आएका उहाँको योगदान वामपन्थी किसान आन्दोलनमा अतुलनीय रहेकोछ।

आफ्नो जीवनमा के कस्तो अनुभव गर्नुभयो ? भन्नेबारेमा- सिद्धान्ततः

राम्रै होलान्, कामको दौरानमा केही कमी कमजोरीहरू भएका पनि होलान्।

राजनीतिमा के के गुमाउनुभयो भन्ने सम्बन्धमा-पहिलो त पढ्न पाइएन भने दोस्रो आर्थिक समस्याले पीडित नै भयो भने अरु कामहरूमा संलग्न हुन मौका पाइएन। जीवनभरिनै पार्टीमा संलग्न हुनुभयो।

२०३३ सालमा कुन विषयमा भक्तपुर नगरपालिकामा जानु भएको भन्ने बारेमा त्यतिवेला म स्वतन्त्र बसेको थिएँ। तीन वर्षमानै आफ्नो नैतिकताको कारण मैले मेरो जिम्मेवारी पूरा गरेको थिएँ।

नेपालका कुन-कुन जिल्लामा घुम्नु भयो भन्ने बारे ? बाल्यकालमा बुबासँग

रसुवा जिल्लाको सिलु तीर्थ सिन्धुपाल्चोक, तातोपानी समेत डुल्न गएका थिएँ। २०२३ सालमा नेपाल सोभियत मैत्री सँगको प्रतिनिधि मण्डलको तर्फबाट भाग लिनु भएको थियो। उहाँले राजनीतिक दलहरूलाई के सुझाव दिनु भयो भन्ने बारेमा सिद्धान्त अनुसार काम गर्दै जानु र व्यवहारमा गएमा राम्रो लाग्दछ। तर हाल उहाँ रोगको कारण स्वास्थ्यमा समस्या भएर बिरामी भइरहनु भएको थियो। बनेपालीले समाजवादी पार्टी स्थापना गरेका सोभियतसँग प्रभावित हुनु भएर सिद्धान्त र व्यवस्थालाई पूर्ण अँगालेका थिए।

आजसम्म कुनै लोभ लालचमा नलाग्नु भएको बनेपाली जीवनभर कृषि र किसानको सेवामा बढी समय बिताएका थिए। उहाँ एक योद्धा मात्र नभई नेता र सिद्धान्तनिष्ट, कर्मष्ठ र निष्ठवान हुनुहुन्थ्यो। उहाँले पछिसम्म पनि आप्नो जिवनकालमा पूर्ण सिद्धान्त र व्यवहारलाई अँगालेर किसानहरूको हक हितको लागि सँधै लाग्ने प्रतिवद्धता जनाउदै संघर्षरत हुनु भयो।

Leaf blotch) रोग सहनसक्ने भएकोले विषादीको प्रयोग गर्नु जरुरी नभएता पनि रोगको अवस्था हेरी भाद्र महिनामा १५ दिनको फरकमा १ ५ वोर्डो मिश्रण वा डायथेन एम ४५( ०.२-०.३ ५) अथवा ब्लाईटक्स ५० ०.३ ५ को घोल छर्कनु पर्दछ। रोगी बोटहरू र संक्रमित पातहरूलाई जम्मा गरि जलाउनु पर्ने हुन्छ। जुकाको प्रकोप भएको बालीका पातहरूमा दाग देखा पर्ने, जरामा गिर्खा देखा पर्ने र बोट पुड्को हुने हुन्छ। यस्तो प्रकोप देखिएमा सोलेनेसी परिवारका तरकारी बाली आलु, भण्टा, खुर्सानी, टमाटर जस्ता बालीहरू लगाएको जमिनमा वेसार नलगाउने, निमको पिना १०० केजी/रोपनी माटोमा मिलाएर लगाउँदा जुकाको प्रकोप कम हुन्छ। त्यस्तै यो बालीमा लाग्ने उपरोक्त किराहरूले त्यती आर्थिक क्षति गरेको नपाईएता पनि पात बेरुवा, डाँठको गवारो, कत्ले किरा आदीले आक्रमण गरेमा डेसिस ०.१ ५ स्प्रे गरि नोक्सान कम गराउन सकिन्छ।

**बाली लिने:**

साधारणतया वेसार लगाएको ९ महिनामा बाली लिन सकिन्छ। पौषदेखि माघसम्म बाली लिने उपयुक्त समय हो। यो समयमा खनेको वेसारमा क्युरक्युमिन तत्वको मात्रा त्यसभन्दा अघी वा पछि खनेको वेसारमा भन्दा बढी ( १५-१८ ५) हुन्छ। बोटको पात पहेँलिएर सुक्न थालेपछि खनाई कार्य शुरु गर्नु पर्दछ। गानो खन्नु भन्दा करिव ५-७ दिन अगाडी बोटको डाँठ गानोबाट छुट्याउनु पर्दछ। बाली लिन जग्गालाई कोदालोको सहायताले खनी त्यसबाट वेसारका गानाहरूलाई हातले राम्रोसँग टिप्नु पर्दछ। टिपिएका गानाहरू राम्रोसँग सफा गरी जराहरू, रोग लागेका, काटिएका, चोटपटक लागेका अथवा कुहिन लागेका गानाहरू हटाई राम्रो गानाहरू छुट्याई आगामी साल बीउको लागि उचित भण्डारण गरि राख्नुपर्दछ। बीउ बाहेकको वेसारलाई बिक्री गर्ने वा प्रशोधन गर्नु पर्दछ। प्रति रोपनी १.५-२.० मे.टन. काँचो वेसारको उत्पादन लिन सकिन्छ। उपयुक्त समयमा बाली लिँदा यसबाट बढी सुकेको वेसार पाउन सकिन्छ।

**बीउको भण्डारण:**

वेसारमा चिस्यानको मात्रा धेरै हुने हुँदा सुरक्षित भण्डारण गर्नु अत्यावश्यक हुन्छ। अन्यथा भण्डारणमा सुक्ने, चाउरिने, कुहिने आदी समस्याहरू आई वेसारको गुणस्तर घट्न जान्छ। वेसार खेती एवं भण्डारणको प्रमुख समस्यानै गानो कुहिने रोग हो। तसर्थ भण्डारण अघि बीउ गानोहरू तथा भण्डारण गरिने स्थान ढुसी एवं कीटनाशक विषादिद्वारा उपचार गर्नु पर्छ। वेसारलाई १२-१४ डिग्री सेन्टीग्रेड तापक्रम र सापेक्षिक आर्द्रता ६५-७५ प्रतिशत मिलाउन सकिने कोठामा सजिलैसँग ५-६ महिनासम्म भण्डारण गर्न सकिन्छ। कृषकस्तरमा यस्तो किसिमको तापक्रम नियन्त्रित कोठा बनाउन प्राय: नसकिने भएकाले परम्परागत खाल्टोमा गरिने भण्डारणलाई केही सुधार गरी स्वस्थ बीउ भण्डारण गर्नु आर्थिक दृष्टिले उपयुक्त देखिन्छ।

**खाडल बनाउने:**

वेसार भण्डारण गर्न विभिन्न क्षमताको खाडल बनाउन सकिन्छ। तर खाडलको गहिराई १ मि. भन्दा ज्यादा हुनु हुँदैन। एक घन मी. खाडलमा ३५० किलोग्राम बीउ गानो भण्डारण गर्न सकिन्छ। उत्पादन थोरै भए सानो आकारको खाडलमा राखे पनि हुन्छ। पानी नजम्ने तथा छायाँ पर्ने ठाउँमा खाडल बनाउनु उपयुक्त हुन्छ।

**बीउ तथा खाडलको उपचार:**

छानिएका बीउ गानोहरूलाई विषादी मिसाइएको घोलमा १ घण्टा डुवाई छायाँमा सुकाउने। खाडल पनि सोही विषादिको घोल छरेर उपचार गर्ने र खाडललाई सुक्न दिने। खाडलमा आगो बालेर पनि उपचार गर्न सकिन्छ। विषादी घोल बनाउँदा १० लिटर पानीमा २५ ग्राम इण्डोफिल एम-४५ र मालाथिएन २५ मि.ली. मिसाउने।

**भण्डारण प्रक्रिया:**

खाडलको पिँधमा धानको भुस वा काठको धुलो, बावियो वा पराल ३-४ से.मी. बाक्लो विच्छ्याउने। वीउ गानोहरुले खाडलको उपल्लो सतहको ६ ईञ्च बाँकी राखी भर्ने र खाडलमाथि प्वालहरू भएको काठका फल्याकद्वारा ढाक्ने। काठमाथी खर वा परालको बाक्लो तह राखी एक तह माटो राख्ने त्यसपछि खाडलमा पानी पस्न नदिन गुम्वजाकार बन्ने गरी गोबर माटोले लिप्ने। खाडलमाथि अस्थायी छाप्रो बनाई खाडलको तापक्रम कम गर्न र पानी पस्नबाट बचाउन सकिन्छ। हावाको आवत् जावत् ( भेन्टीलेशन)को लागि पाइपहरूको पनि प्रयोग गर्न सकिन्छ। यस प्रकारले भण्डारण गरिएमा ५-६ महिनासम्म वेसार सुकेर चाउरिदैन, गानो कुहिने रोगबाट हुने क्षति कम गर्न सकिन्छ र वीउको अंकुरण पनि राम्रो हुन्छ।

**प्रशोधन:**

- जग्गाबाट जम्मागरि ल्याइएका पूराना पानाहरूबाट नयाँ पाना छुट्टाउने।
- त्यसपछि पूराना पानाहरू र नयाँ पानाहरूलाई भिन्दाभिन्दै प्रशोधन गर्ने ।
- यसको लागि पानाहरूलाई जम्मा गरी सफा गर्ने, त्यसपछि ति पानाहरूलाई तामा, वा माटोको भाडामा पानीले डुव्ने गरी राखि उमाल्ने।
- जबसम्म सेतो वाफ र विशेष किसिमको गन्ध आउँदैन तबसम्म उमाल्नु पर्दछ।
- सामान्यतया ४०-६० मिनेट उमालेपछि यो नरम हुन्छ र यसलाई पानीबाट निकाल्नु पर्छ।
- त्यसपछि ती उमालेका पानाहरूलाई घाममा १०-१५ दिनसम्म एकनासले राम्रोसँग सुकाउनु पर्दछ। यसरी सुकेको वेसार भाँच्दा धातुको जस्तो आवाज आउनु पर्दछ। चानामा चिस्यानको मात्रा १० ५ भन्दा कम हुनु पर्दछ।
- यसरी सुकेको वेसारलाई मेसिनको सहायताले वा हातले गुन्द्री, मान्द्रो वा सिमेन्ट लगाएको भुईमा रगडेर पालीस गरिन्छ। वा यस्तो तयारी वेसारलाई पिँधेर धुलो बनाउने काम गर्नु पर्दछ।
- सामान्यतया काँचो वेसारवाट उत्पादन लिने समय र जात अनुसार १५-२०५ प्रशोधित वेसार पाउन सकिन्छ।
- वेसारमा राम्रो रंग ल्याउनको लागी यसलाई २० ग्राम सोडियम वाई सल्फाईड र २० ग्राम हाईड्रोक्लोरिक एसिड प्रति ४४ केजी गानो पानीमा राखी उमाल्ने गरिन्छ।

**कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि द्वारा krishijournal.com.np**

ONLINE पत्रिका पढ्न नभुल्नु होला

ईमेल : krishijournal@yahoo.com



# कृषि मन्त्रालयमा उठेका वहस

**कृषिमा एउटै सचिव राख्ने वहसमाकृषि विकास मन्त्रालय**

काठमाडौं ११ फागुन

कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय अन्तर्गत दुई सचिवको दरबन्दी रहेकामा अबदेखि एउटा मात्र दरबन्दी बनाउने मन्त्रालय स्रोतले भनेका छन्।

सरकारले नयाँ संविधान अनुसार २५ वटा मात्र मन्त्रालय बनाउँदा कृषि र पशुपन्क्षी मन्त्रालयलाई गाभेर एउटै कृषि तथा पशुपक्षी मन्त्रालय बनाएको थियो। कृषि सचिव युवकध्वज जिसीले राजीनामा दिएपछि रिक्त रहेको यो दरबन्दी हटाउने भएको हो। यसको नेतृत्व अहिलेका अर्का सचिव प्रकाश माथेमाले गर्दै आएको छ। सरकारले कृषिलाई विशिष्टीकृत गरी उत्पादन बढाउने योजना बनाइरहेको थाहा भएको छ।

जिसीको राजिनामा पछि मन्त्रालयमा दुई सचिव आवश्यक नभएको भन्दै कृषि क्लस्टरको सचिवको दरबन्दी कटौती गर्न छलफल गरिरहेको मन्त्रालयको छ।

मन्त्री घनश्याम भुसालसँग यस विषमा छलफल गरिरहेका छन्। 'दुई सचिव हुँदा काम गर्न मन्त्रीलाई अप्ठेयो हुन्छ भनेर अर्को दरबन्दी हटाउन लागिएको हो। त्यस दरवन्दी हटाउँदा त्यसको असर कृषि उत्पादनमा पर्छ।' भन्ने विषमा पनि मन्त्रालयमा वहस चलिरहेको छ। कृषि अध्ययन गरेको सचिव नहुँदा समग्र कृषि क्षेत्रको विकासमा बाधा पुग्छ कि।

पूर्व कृषि मन्त्री चक्रपाणि खनालको अनुसार कृषिमा मात्र नभएर उद्योग, वाणिज्य तथा आपूर्ति, अर्थ लगायतमा पनि दुई सचिव छन्। उद्योगमा एउटाले उद्योग र अर्काले वाणिज्य हेर्छन्। सम्बन्धित क्षेत्र अध्ययन गरेको विज्ञ कर्मचारी हुँदा योजना निर्माणदेखि कार्यान्वयनसम्म सजिलो हुने भएकाले कृषि सचिव हटाउन नहुने पूर्व प्रशासक बताउँछन्। पूर्व कृषि सचिव गणेश केसीका अनुसार कृषि प्राविधिक क्लस्टर भएकाले सचिवको दरबन्दी घटाए त्यसको असर कृषि उत्पादनमा पर्ने बताउँछन्। 'कृषि विशिष्टीकृत क्षेत्र हो,' पूर्व सचिव केसीले भन्नुभएको छ।, 'वरु दरबन्दी थपेर जानसके राम्रो हुने वहस पनि चलाउन पर्छ। घटाउनु हुँदैन।' घटाउँदा कृषि उत्पादनलाई वाधा पर्छ।

अहिले कृषि उत्पादन बढाउनु पर्ने बेला सचिव पद काट्न तर्फ लाग्न नहुने पनि कुरा उठेको छ। कृषिको तल्लो तहबाट आएकाले उक्त क्षेत्रको विषय बुझ्ेको हुन्छ। कृषि 'प्राविधिक विषय भएकाले अन्य क्षेत्रबाट ल्याउन उपयुक्त हुँदैन।' कृषि, वन बाहेक अन्य सबै समूहमा पर्याप्त सचिव भएपछि विशिष्टीकृत हुनु पर्ने क्षेत्रमा सचिव हटाउने बहस आवश्यक नरहेको पूर्वमन्त्री तथा प्रशासक बताउँछन्। कृषि बाहेक प्राविधिक समूह इन्जिनियरिङमा ८० जना सह-सचिव हुँदा ११ जना सचिव छन्। कृषि अध्ययन गरेको सचिव नहुँदा समग्र कृषि क्षेत्रको विकासमा बाधा पुग्ने पूर्व कृषि मन्त्री चक्रपाणि खनालले पनि बताउनु भएको छ। 'कृषिमा कृषि क्षेत्रको विज्ञ हुनुपर्छ,' मन्त्री खनालले भन्नुभयो। 'कृषि क्लस्टर बाहिरबाट ल्याउँदा योजना निर्माण र कार्यान्वयनमा असर पर्छ।' यो विषयमा विगतमा पनि अध्ययन र वहस भए पनि कृषि क्षेत्रबाटै आएको सचिव आवश्यक पर्ने निष्कर्षमा पुगेकाले यो वहस चलाउन आवश्यक नभएको पूर्व मन्त्री खनालले टिप्पणी गरेको छ। कृषि प्राविधिक विषय हो। अन्य समूहबाट सचिव ल्याउँदा कृषिको मर्म बुझ्न सक्दैन। विगतमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत कृषि तर्फको सचिव पद थियो। अहिले प्रधानमन्त्री कार्यालयमा रहेको कृषि क्लस्टरको सचिव हटाइएको छ। उनले भने, 'अब मन्त्रालयबाट पनि हटाउनु कृषि क्षेत्रका लागि राम्रो हुँदैन।' कृषिमा प्राविधिक विषय पढेका करिब १५ हजार कर्मचारी भएकाले त्यसको असर वृत्ति विकासमा पर्ने बताएका छन्।

सरकारले कृषि उत्पादन दोब्बर बढाएर आयात् प्रतिस्थापन गर्ने रणनीति तयार गरेको बेला अन्य समूहको सचिव आउँदा कर्मचारीको भावनामा पनि ठेस पुग्न सक्ने पूर्वमन्त्री खनालले बताएको छ। कृषिमा विज्ञता आवश्यक छ। 'बाहिरबाट आउँदा त्यहाँभित्रका कर्मचारीको मनोबल खस्किन्छ।' मन्त्रालयको नेतृत्व गर्ने मन्त्री राजनीतिक भूमिकाबाट आएकाले विज्ञ नभए त्यसको असर कृषि क्षेत्रमा पर्ने खनालको बुझाई छ। सरकारले कृषिमा आधुनिकीकरण, व्यवसायीकरणमार्फत उत्पादन वृद्धि गरी कृषिजन्य वस्तुमा आत्मनिर्भर हुने घोषणा गरे पनि परिणाम आउन सकेको छैन।

## प्याक्ट अनियमिततामा मुछिए -योगेन्द्र कुमार कार्की

'प्याक्ट घोटाला काण्ड'मा मुछिए बागमती प्रदेश कृषि सचिव योगेन्द्रकुमार कार्की सतर्कता केन्द्रद्वारा कारबाही सिफारिस,

काठमाडौं २२ माघ कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) मा भएको भनिएको आर्थिक अनियमिततामा आयोजनाका तत्कालीन निर्देशक **योगेन्द्र कुमार कार्की** संलग्न रहेको देखिएको छ।

हाल बागमती प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव **कार्कीको** सो घोटालामा संलग्नता रहेको भन्दै राष्ट्रिय सतर्कता केन्द्रले उल्लेख गरेको छ। सह-सचिव कार्की यसअघि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको योजना महाशाखा प्रमुखको भुमिका थिए।

राष्ट्रिय सतर्कता केन्द्रले बुधबार आफ्नो १७औं वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै (प्याक्ट) अनियमितता काण्डमा **कार्की**को संलग्नता रहेको विषय सार्वजनिक गरेको हो। **कार्की** प्याक्टको निर्देशकका रुपमा कार्यरत रहँदा र मन्त्रालयको जिम्मेवारीमा रहँदा पनि विभिन्न विषयमा अनियमितता गरेको सतर्कता केन्द्रको प्रतिवेदनमा उल्लेख छ।

सतर्कता केन्द्रको गत असार १७ गतेको निर्णय अनुसार कारबाहीको माग सहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखी पठाएको र सो अनियमितता प्रकरणको अध्ययन सम्बन्धी सम्पूर्ण सक्कल फाइलसमेत अख्तियारलाई जिम्मा लगाएको प्रतिवेदनमा खुलाइएको छ।

सन् २००९ नोभेम्बरदेखि सुरु भएर सन् २०१८ जुनमा सकिएको यो आयोजना दातृ निकाय विश्व बैंकको ८१ दशमलव ८५ मिलियन अमेरिकी डलर सहयोगमा साबिकको ७५ वटै जिल्लामा लागु भएको थियो। ८ करोड १८ लाख ५० हजार अमेरिकी डलर अर्थात् करिब १० अर्ब रुपैयाँ बराबरको आयोजनाले कृषकका लागि अनुदान दिने नाममा भष्ट्राचार भएको भन्दै व्यापक आलोचना भएको थियो।

अख्तियारले उक्त मुद्दाका बारेमा अध्ययन गरिरहेको भएपनि अन्तिम टुंगो भने अझै लगाउन सकेको छैन।

कृषिमा आश मान्नेहरूलाई निराश पार्दिन, यो मेरो कबुल भयो। कृषि मन्त्री घनश्याम भूषालले बताएका छन्।

## कृषि मन्त्रीको भुषालको कहर :

काठमाडौं १४ माघ, कृषिमन्त्री घनश्याम भूषालले कृषिमा सम्भावना र आशा देख्ने

मानिसलाई निराश नपार्ने कबुल गरेका छन् । पछिल्लो समय कृषिका क्षेत्रमा देखिएका समस्यालाई आफ्नो कार्यकालमा सुधार गर्दै अघि बढ्ने भूषालले बताएका छन् ।

मन्त्रालयमा आयोजित एक कार्यक्रममा मन्त्री भूषालले भने, 'पक्कै पनि कृषिमा थुप्रै चुनौंती छन्, तर, कृषिमा जुन आशा देख्नेहरू हुनुहुन्छ । उहाँहरुलाई निराश नपार्ने कबुल गर्छु ।'

कृषिमा आकर्षण कसरी बढाउने र देखिएका समस्या र सुधारका बारेमा पत्रकारहरूसँग कुरा गर्दै मन्त्री भूषालले कृषिमा उत्पादन र उत्पादकत्व बढाउन आफू प्रतिवद्ध रुपमा लाग्ने बताएका छन् ।

भूषालले मन्त्रालयको सम्हालेको झण्डै दुई महिना बितिसकेको छ । तर, कृषिका क्षेत्रमा कुन काम कहाँबाट शुरू गर्ने भन्नेमा मन्त्री आफैं अन्योलमा छन् । उनले मंगलबार कृषि क्षेत्रमा देखिएका समस्या र सुधार गर्नुपर्ने बिषयमा पत्रकारहरूको धारणा बुझ्ने प्रयास गरेका थिए ।

कृषि क्षेत्रमा देखिएका वर्तमान र विगतका समस्या केलाउँदै पाँच बर्षभित्र मुलुक कृषिमा आत्मनिर्भर हुने सरकारको लक्ष्य छ । त्यसमा भूषालले कति गर्न सक्लान र गर्लान त्यो भने हेर्न बाँकी नै छ ।

**राष्ट्र बैंक उर्दि**

कृषि कर्जामा ठूला व्यापारीको हालीमुहाली, जग्गा 'हडप्न' व्यावसायिक कृषि खेतीको नाटक

काठमाडौं १० माघ नेपाल राष्ट्र बैङ्कका डेपुटी गभर्नर चिन्तामणि सिवाकोटीले ठूला व्यापारीले जग्गा हडप्ने ध्येयले व्यावसायिक कृषि खेतीको नाटक गरेको खुलासा गरेका छन् । घरेलु तथा साना उद्योग महासंघले आयोजना गरेको कार्यक्रमलाई सम्वोधनका क्रममा उनले यस्तो खुलासा गरेका हुन् ।

ठूला व्यापारिक घरानाहरू व्यवसायिक कृषि खेती गर्ने भनेर विगाहका विगाह जग्गा किन्ने, देखावटी रुपमा कृषि खेती पनि गर्ने, तर केही समय पछि उक्त जग्गालाई बेचेर मालामाल बन्ने काम भईरहेको सिवाकोटीले बताएका छन् । एकातिर राज्यले व्यावसायिक कृषि खेतीका लागि भनेर सहुलियत दरमा ऋण उपलब्ध गराएको छ । सोही ऋण लिने, दुई/चार वर्ष कृषि खेती गर्ने र अन्त्यमा उक्त जग्गालाई बेचेर मालामाल बन्ने ठूला व्यापारीको चाहना भएको सिवाकोटीले बताए ।

## डेरी उद्योग संघको अध्यक्षमा राजकुमार दाहाल सर्वसम्मत




काठमाडौं १२ फाल्गुन

दुग्ध व्यवसायीहरूको व्यवसायीक संस्था डेरी उद्योग संघ काठमाडौंले ११ औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । सोमबार राजधानीमा सम्पन्न साधारण सभाले राजकुमार दाहालको नेतृत्वमा आगामी २ वर्षका लागि नयाँ कार्यसमिति समेत सर्वसम्मतरुपमा चयन गरेको छ ।

सर्वसम्मत रुपमा चयन भएका अन्य पदाधिकारीहरूमा निरन्जन श्रेष्ठ उपाध्यक्ष, विश्वराज बस्नेत महासचिव, पुष्पराज बस्नेत कोषाध्यक्ष रहेका छन् । कार्यसमिति सदस्यहरूमा राजुबाबु श्रेष्ठ, रामचन्द्र उप्रेती, सन्तोषलाल श्रेष्ठ, जेनन सैंजु, मिलन कुमार सिंह र रवि प्रसाद रिजाल रहेका छन् । नवनिर्वाचित कार्यसमितिलाई कार्यक्रमका प्रमुख अतिथि एबम नेपाल सरकारका उद्योग वाणिज्य तथा आपूर्ति सचिव बैकुण्ठ अर्यालले बधाई तथा शुभकामना ज्ञापन गर्दै गुणस्तरीय उत्पादनमा जोड दिन सुझाव दिएका छन् । विगतमा पनि दुग्धजन्य पदार्थहरूको उत्पादन र बजारीकरणमा महत्वपूर्ण भूमिका खेल्दै आएको संघ आगामी दिनहरूमा अझै सशक्त बन्दै जाने विश्वास रहेको भन्दै अर्यालले सरकारको तर्फबाट हुनसक्ने सहयोग गर्न सधैं तयार रहेको प्रतिबद्धता व्यक्त गरेका छन् ।

समारोहमा 'डेरी प्रोसेसिङ हेन्डबुक फर नेपाली इण्डस्ट्रिज' नामक पुस्तकको समेत विमोचन गरिएको थियो । दुग्धजन्य पदार्थहरूको प्रशोधन लगायतका विषयको प्राविधिक पक्षका कुराहरू उक्त पुस्तकमा समावेश गरिएको छ ।


### डेंगो रोग बारे जानकारी

डेंगो रोग कालो-सेतो रङ्गको संक्रमित पोथी लामखुट्टको टोकाईबाट हुन्छ र यो लामखुट्टे सफा पानीमा बस्ने र प्राय दिउँसोको समयमा टोक्छ र यसले घर वरिपरि जम्मा भएको सफा पानीमा वृद्धिविकास गर्ने हुँदा घर वरपर पानी जम्ने, टिनका डब्बाहरू थोत्रा पूराना टायरहरू फूलदानी गमला आदिमा पानी जम्न नदिऔं ।

**यस रोगका मुख्य लक्षणहरू**
- उच्च ज्वरो निरन्तर आउनु
- आँखाको गेडी तथा टाउकोको पछिल्लो भाग धेरै दुख्नु,
- शरीर कटकटी दुख्ने,
- जोर्नी, हड्डी तथा माशपेशीहरू दुख्ने,
- पेट दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने,
- नाक वा गीजाबाट रगत बग्नु वा आन्तरिक रक्तश्राव हुनु निलडाम देखिनु ।

**यस रोगबाट बच्ने उपायहरू**
- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्नु पर्छ र घर वरिपरि फालिएका खाली बट्टा, अलकत्रा वा फालिएका ड्रमहरू, पूराना टायरहरू आदिमा पनि जम्न नदिने उपायहरू गर्नु पर्छ ।
- पानी जमी हालेको खण्डमा छोपेर लामखुट्टे प्रवेश गर्न नदिने वा हप्तामा दुइपटक पानी खाली गर्ने वा मट्टीतेल वा मोविल छर्कने ।
- लामखुट्टेको टोकाईबाट बच्न पूरा शरीर ढाक्ने लुगा लगाउने वा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउनु पर्छ र
- दिउँसो वा राती सुत्दा अनिवार्य रुपमा झुल्को प्रयोग गर्ने ।

**स्वास्थ्य कार्यालय काठमाडौं**
**प्रदेश नं. ३**




सुवर्ण सुर्दशन, सुगुना आदि जातहरू उन्मोचन तथा सिफारिस गरिएका छन् ।

नेपालमा पनि हालसालै मध्य पहाडी भेगका असिंचित पाखो बारीमा खेती गर्ने कृषकहरूलाई लक्षित गरि २०७१ साउनमा एक मात्र जात कपुरकोट हलेदो १ उन्मोचन गरिएको छ । यसको विशेषता निम्नानुशार रहेको छ :

**वानस्पतिक स्वरुप :**

बोटको उचाई : ३०.४ से.मी

पातको आकार : अण्डाकार

पात संख्या प्रति बोट : ७.७

पातको लम्बाई : ५६ से.मी.

गानो : पञ्जाकार

पानाको लम्बाई : ११.८ से.मी.

पानाको गोलाई : १०.८ से.मी.

धुलो : गाढा पहेंलो

**जातिय विशेषता :**

बाली तयार हुन लाग्ने समय : २४५-२६० दिन

डाँठको संख्या : ३.२३ प्रति बोट

सराको संख्या : सरदर तिन प्रति बोट

गानोको तौल : २५०-३०० ग्राम प्रति गानो

सरदर उत्पादन : २७.८३ मे.टन प्रति हेक्टर

उत्पादन क्षमता : ४०-४२ मे.टन प्रति हेक्टर

**प्रशोधन विशेषता :**

वेशार धुलो बन्ने क्षमता : १३.८ ५ ताजा तौलमा र ९२.८ ५ सुकेको तौलको आधारमा

कुरकुमिनको मात्रा : ४.८९ ५

तेल : ६.६५ ५

विशेष गुणहरू :

- ◆ पातको थोप्ले (लिफ व्लच) रोग सहन सक्ने
- ◆ तुलनात्मक रुपमा बढी उत्पादन दिने ( सरदर २७.८३ मे.टन/हे.) भएको
- ◆ क्युरक्युमिनको मात्रा वढी ४.८९ % भएको
- ◆ वेशारको धुलो बन्ने क्षमता ( १३.८ ५० धेरै भएको
- ◆ कृषकहरूले बढी रुचाएको

**सिफारिस गरिएको भौगोलिक क्षेत्र :**

नेपालको मध्य पहाडी भेगका असिंचित पाखो बारी

**लगाउने समय :**

चैत्रको पहिलो हप्ता वेशार लगाउने उपर्युक्त समय भएता पनि यो महिना भर लगाउन सकिन्छ । जति ढिलो भयो उत्पादन क्षमता घट्दै जाने हुन्छ ।

**बीउ वेसारको छनौट, दर र रोप्ने तरिका :**

वेसारको फूलबाट फल नलाग्ने हुँदा यसको वानस्पतिक भाग (गानो) लाई नै बीउको रुपमा प्रयोग गरिन्छ । बीउ छनौंट गर्दा सकेसम्म माथी उल्लेख गरिएको उन्नत जातको कम्तीमा दुईवटा उम्रने मुना भएको, निरोगी, नचाउरिएको, नकाटिएको सरदर ३५ ग्रामको बीउ छान्नु पर्दछ । यसरी छानिएको बीउलाई २५ ग्राम डायथेन एम-४५ र १० ग्राम वेभिस्टिन, १० लिटर पानीमा घोली त्यसमा बीउ आधा घण्टासम्म डुबाउने र त्यसपछि छायाँमा ओभानो हुने गरि सुकाउने, अनि रोप्नु पर्दछ । एक रोपनी क्षेत्रफलको लागि १५०-१७५ के.जी. बीउ आवश्यक पर्दछ ।

गाउँघरमा वेसार हलोको सियो पछाडी लगाउने चलन भएता पनि उन्नत तरिकाबाट उपयुक्त दुरिमा लगाउँदा ड्याङ्ग बनाई लगाउनु पर्ने हुन्छ । १२० से.मी. चौडाईको ड्याङ्ग बनाई हारदेखी हारको दुरी ३० से.मी कायम गरि प्रत्येक हारको ५-७ से.मी. गहिराईमा २५-३० से.मी.को फरकमा साईजका गानो रोपण गर्नु पर्दछ । दुई ड्याङ्ग बिचमा ५० से.मी. खाली ठाउँ राख्दा पछी गोडमेल तथा अन्य काम गर्न सजिलो हुन्छ ।

**छापो हाल्ने:**

वेसारलाई चैत्र-बैशाखमा रोप्ने गरिन्छ र त्यस समयमा माटोको चिस्यान जोगाई राख्न छापोको अति ठूलो भुमिका र महत्व हुन्छ । वेसार प्राय: असिंचित जमिन मै खेती गरिने भएकाले लामो अवधिसम्म माटोमा चिस्यान वचाई राख्न छापोको नितान्त आवश्यक पर्छ । यसको अतिरिक्त छापोले झारको रोकथाम गर्छ, भू-क्षयबाट बचाउँछ र अन्तमा वर्षाको पानीले छापो सडन गई माटोमा प्राङ्गारिक पदार्थ थपिन्छ र माटोको उर्वरा शक्ति बढछ जसको कारण बिरुवाको राम्रो वृद्धि विकास भै उत्पादनमा समेत वृद्धि हुन जान्छ ।

विभिन्न ठाउँमा विभिन्न किसिमको छापो हाल्ने गरेको पाइन्छ । ती मध्ये अधिकांश ठाउँमा सल्लाको कुसुम, सुकेका पातहरू, हरियो पात समेतको स-साना हाँगाहरू र बाबियो खर छापोको रुपमा प्रयोग गरिन्छ । चाँडै सड्ने किसिमको छापो (हरियो वा सुकेका पातहरू) नै सबभन्दा उपयुक्त छापो मानिन्छ ।

वेसारको रोपाई पछि पुर्णरुपले माटो ढाकिने गरी ४-६ से.मी. बाक्लो छापो हाल्नु पर्छ । सुकेका पातहरू भए हावाले नउडाउने गरी छाप्ने व्यवस्था मिलाउनु पर्छ । ४० देखि ५० ठूलो डोका पात भए एक रोपनीका लागि पुग्छ ।

**सिँचाई तथा गोडमेल :**

वेसार सामान्यतया वर्षायाममा र पाखो बारीमा खेती गरिने हुँदा सिँचाईको आवश्यकता नपर्ने भएता पनि माटोको अवस्था हेरी वर्षात नभएको वेलामा करिव ३ हप्ताको फरकमा हल्का सिँचाईको आवश्यकता पर्दछ । वेसारले पानी जमेको नसहने हुँदा निकासको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

वेसारमा प्रशस्त मलखाद प्रयोग हुने र शुरुका अवस्थामा यसको कम वृद्धि हुनाले झारहरू चाँडै उम्री मुख्य बालीसँग खाद्यतत्व, चिस्यान, प्रकास आदीसँग प्रतिस्पर्धा गरि उत्पादनमा ह्रास गराउने हुँदा झारपातको प्रकोप अनुसार २,३ पटक गोडमेल गर्नु पर्दछ । पछिल्लो पटक हाल्नु पर्ने रशायनिक मल टप ड्रेसिङ्ग गर्नु अघि झार उखेली सफा गर्नु पर्दछ र उकेरा दिएमा उत्पादनमा वृद्धि हुन्छ र पानी जम्न पाउँदैन ।

**बालीचक्र तथा अन्तरवाली:**

लामो समयसम्म एउटै जग्गामा बाली लगाइरहँदा त्यसबाट रोग र किराको प्रकोप बढ्न गई उत्पादनमा निकै ठुलो ह्रास आउन सक्दछ । तसर्थ यसलाई मकै ,तोरी, उखुँ, केरा वा तरकारी आदि बालीको चक्रमा खेती गर्न सकिन्छ । यो बाली लगाउने उच्च जग्गाहरूमा चना, रहर, कोदो आदिको बालीचक्रमा पनि यसलाई मिलाउन सकिन्छ । यो एउटा छायाँ मन पराउने बाली भएकोले यसलाई फलफुल बगैचा, आँप, कटहर, लिची, नरिवल, सुपारी आदिमा अन्तरबालीको रुपमा लगाउन सकिन्छ ।

**बाली संरक्षण :**

आम कृषकहरु माझ स्थानीय जातका वेसार लगाउने चलन भएको कारण यसलाई विभिन्न कारक तत्वहरूले रोग लगाउने साथै बालीलाई नोक्सान गर्दछ । प्रमुख गरि वेसारमा ढुसी र निमाटोड(जुका) जन्य रोगहरूले आक्रमण गरेको पाईन्छ । वेसारमा मुख्य गरि खैरो थोप्ले/डढुवा रोग (Leaf blotch), पातको खटिरा (Leaf spot), गानो कुहिने ( Rhizome rot) रोगहरूले आक्रमण गर्दछ भने जरामा गाँठो पार्ने जुका (Nematode) र डाँठको गवारो (stem borer), पात वेरुवा (Leaf folder), कत्ले (Scale insects) जस्ता किराहरूले पनि आक्रमण गरि नोक्सान पुऱ्याउँदछ । यिनका क्षतिको स्तर विचार गरि सोही अनुसारको बाली व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

रोगमुक्त क्षेत्रको स्वस्थ बीउ मात्र प्रयोग गर्ने र बीउ उपचार गरेर मात्र रोप्ने गर्नु पर्दछ । सकेसम्म कपुरकोट हलेदो १ जात, वेसारमा लाग्ने प्रमुख रोग खैरो थोप्ले/डढुवा रोग (

# वेसार खेती प्रविधि

**परिचय :**

वेसारलाई अंग्रेजीमा Turmeric भनिन्छ र यसको वैज्ञानिक नाम *Curcuma longa* Linn. हो र यो Zingiberaceae परिवार अन्तर्गत पर्दछ। यसको गानो र धुलो औषधी तथा खाद्य पदार्थमा रङ्गको लागि प्रयोग गरिदै आएको छ। परापूर्व कालदेखि खाद्य पदार्थमा प्रयोग हुँदै आएको वेसार केवल रंगाएर आकर्षक देखाउन मात्र नभै वास्ना र स्वादको लागी पनि उत्कृष्ट मानिन्छ। दैनिक रुपमा अत्यावश्यक पर्ने वेसारको धार्मिक उत्सव वा पूजापाठमा पनि उत्तिकै महत्व रहेको पाईन्छ। यसको उत्पत्ती दक्षिण पूर्वी एसियाका देशहरूमा भएको मानिन्छ। वेसारमा पाइने प्रमुख तत्व क्युरक्युमिन "रङ्ग" हो। वेसारको गानोमा सरदर १.८ देखि ५.४५ क्युरक्युमिन पाइन्छ। यसको अलावा यसमा २.५५-६.२५ सम्म वासनादार तेल पनि पाउन सकिन्छ। विश्वमा भारत, पाकिस्तान, हाइटी जमाईका, चीन, पेरु, आदि वेसारका प्रमुख उत्पादक राष्ट्रहरू हुन्। सामान्यतया तराईदेखि हिमालसम्मका जिल्लाहरूमा वेसारको खेती परापूर्व कालदेखिनै गरिदै आएको छ। कैलाली, गुल्मी, सिन्धुली, मोरङ, कास्की, सुनसरी, रौतहट, सप्तरी, झापा, आदि वेसारको खेती गरिने मुख्य जिल्लाहरू हुन्। नेपालमा वेसारको ७८७७ हेक्टरमा खेती गरि ९.२५ मे.टन प्रति हेक्टरको दरले जम्मा ७१८१२ मे.टन उत्पादन भएको तथ्याङ्कले देखाएको छ। उत्पादन क्षमताको हिसावले यो अत्यन्त न्यून् हो। वेसार उत्पादित केही जिल्लाहरूमा व्यवसायिक रुपमा खेतीभै निर्यात पनि भएको पाईन्छ। आ.व. २०६९/०७० मा करिव रु. १ करोड १८ लाख मूल्य बराबरको वेसार चीन, कोरिया र भारत लगायतका मुलुकमा निर्यात भएको छ भने यसै आ.व. मा मात्र बंगलादेश, भारत र चीनबाट करिव रु.९० लाख बराबरको वेसार आयात पनि भएको थियो (वार्षिक प्रतिवेदन-२०७०/०७१ रा.म.वा.वि.कार्यक्रम, खुमलटार, ल.पु.)। निर्यात मुलक बाली/वस्तु भएको कारण व्यवसायिकताको लागि क्षेत्रफल विस्तार साथ-साथै उत्पादकत्व पनि वृद्धि गर्न सकिने भएकोले नेपालमा यो बालीको राम्रो सम्भावना देखिन्छ।

**हावापानी र माटो :**

वेसार (हलेदो) मुख्यतया गर्मी र आद्र हावापानीमा राम्रो हुने भएता पनि हल्का छायाँ भएको ठाउँमा यो बिरुवाको वृद्धि र विकास सफलतापूर्वक हुन सक्दछ। यसलाई समुद्री सतहदेखि १६०० मी.सम्मको उचाईमा खेती गर्न सकिन्छ। तापक्रम २०-३० डिग्री से. र मध्यम वर्षा हुने ठाउँ यसको लागि उपर्युक्त हुन्छ। यसको खेती सिंचित एवं असिंचित





हल्का कालोदेखि दोमट र रातो माटोमा गर्न सकिन्छ। तर पानी नजम्ने वलौटे दोमट माटो यसको लागि उत्तम हुन्छ। पानी जम्ने जग्गा वेसार खेतीको लागि उपयुक्त हुँदैन। पि.एच. ५.५-६.५ भएको माटो वेसार खेतीको लागि उपयुक्त मानिन्छ। यसले धेरै चिसो र तुषारो सहन सक्दैन।

**जग्गाको तयारी र मलखाद :**

साधारणतया फाल्गुण तिर पानी परी सकेपछि ३-४ पटक खनजोत गरि राम्ररी कुहिएको गोबरमल माटोमा मिलाई बुरबुराउँदो खुकुलो हुनेगरि जग्गाको तयारी गर्नु पर्दछ। मलखादको मात्रा माटोको उर्वराशक्ति एवं माटोमा विद्यमान खाद्यतत्वको अवस्थामा भर पर्ने भएता पनि अदुवा बाली अनुसन्धान कार्यक्रमले मलखादको रुपमा राम्ररी पाकेको गोबरमल/कम्पोष्ट मल ३० टन र ३०:३०:६० के.जी. नाईट्रोजन, फस्फोरस, पोटास/हेक्टर सिफारिस गरेको छ।

प्रति रोपनी वेसार खेतीमा मलखादको प्रयोग मात्रा र समय तल तालिकामा उल्लेख छ।

मलखाद मात्रा/रोपनी र प्रयोग गर्ने समय

गोबर/कम्पोष्ट मल १५०० के.जी.-जग्गाको तयारी गर्ने बेला

डि.ए.पी ३.५ के.जी.-जग्गाको तयारी गर्ने बेला

युरिया १ के.जी.-उम्रेको ३० दिनमा

युरिया १ के.जी-उम्रेको ६० दिनमा

म्युरेट अफ पोटास ३ के.जी-जग्गाको तयारी गर्ने बेला

२ के.जी.-रोपेको ६० दिन पछि

**जातहरू:**

कृषकहरूले परापूर्व कालदेखि स्थानीय जातहरू खेती गर्दै आएका छन्। यी जातहरूमा वेसारमा हुने मुख्य तत्व क्युरक्युमिनको मात्रा कम भएको कारण धेरै गुणस्तरयुक्त नहुने र उत्पादन क्षमता पनि न्यून् रहेको छ। विभिन्न ठाउँमा खेती गरिएका जातहरूमा धेरै विविधता पाईन्छ। प्रयोगको प्रयोजन अनुरुपका जातहरू छनौट गरि खेती गर्दा राम्रो हुन्छ, जस्तै मसलाको रुपमा प्रयोग गर्नको लागि हल्का पहेंलो रङ्ग, ठूलो गानो, नरम र वास्नादार भएका जात छनौट गर्नु पर्छ भने रङ्गको रुपमा प्रयोग गर्नको लागि गाढा पहेंलो, कडा र चम्किलो रङ्ग हुने छिटो रङ्ग बस्ने जातहरूको छनौट गर्नुपर्छ। भारतमा सुनगाभा,



# नागरिक लगानी कोषको पेन्सन योजना

काठमाडौं ५ चैत्र

नागरिक लगानी कोषले सबै नेपालीलाई पेन्सन दिनेगरी नागरिक पेन्सन योजना शुरु गरेको छ। कुनै पेशा व्यवसाय वा क्षेत्रमा आवद्ध भएका र नियमित आम्दानी गर्ने नेपालीलाई लक्षित गरी नागरिक पेन्सन योजना ल्याइएको हो।

कोषले ल्याएको पेन्सन योजनामा आफ्नै बन्द व्यापार गर्नेहरू पनि सहभागी हुन सक्नेछन्। जागिर गर्नेहरूलाई पनि यो योजनाले समेट्ने कोषका उप-कार्यकारी निर्देशक डा.इन्द्रकुमार कट्टेलले जानकारी दिनुभएको छ।

नागरिक पेन्सन योजनामा सहभागी भएकाहरूले पेन्सन योजनाबाट बाहिरिन पनि पाउने सुविधा राखिएको छ। कट्टेलका अनुसार पेन्सन योजनामा सहभागी भएका नागरिकको मृत्यु भएमा उसको श्रीमान वा श्रीमतीले पूरै पेन्सन पाउने व्यवस्था गरिएको छ।

यस्तै, कोषमा जम्मा भएको रकमको ८० प्रतिशतसम्म ऋण लिन पाइने, मासिक ५ सय रुपैयाँदेखि आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सकिने, वैदेशिक रोजगारीमा हुनेले पनि यो योजनामा सहभागी हुन पाइने लगायतका सुविधा छन्।

योजनाका विशेषताहरु :

**सहभागीता :**

यस योजना अन्तर्गत आयआर्जन गर्ने, प्रचलित कानून वमोजिम स्थापना भएका संघ-संस्था एवम् प्रतिष्ठानमा कार्यरत श्रमिक र कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने छन्।

**बचत गर्न सकिने सीमा :**

यस कार्यक्रममा सहभागी हुने बचतकर्ताहरूले न्यूनतम् मासिक ५ सय रूपैयाँ देखि अधिकतम् आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सक्ने छन्। बचतकर्ताको आम्दानीको आधारमा मासिक, त्रैमासिक, अर्धवार्षिक, वा वार्षिक रुपमा रकम जम्मा गर्न सकिने विशेषता समेत रहेको छ। यस्तो किस्ता बुझाउँदा मासिक ५ सय रुपैयाँभन्दा कम नहुने गरी बुझाउनु पर्नेछ।

**किस्ता रकम नियमित बुझाउनु पर्ने :**

सहभागीले आफूले छनौट गरेको किस्ता अनुसारको रकम नियमित रुपमा बुझाउनु पर्नेछ। यसरी निर्धारण गरिएको किस्ता रकम समयमा दाखिला नगरेमा कोषले निर्धारण गरेको विलम्ब शुल्क तिरी किस्ता नियमित गर्न सकिने छ।

**योजनाबाट अलग हुने अवस्था :**

बचतकर्ताको आयस्रोत गुमेमा वा असक्तताको कारणले आय आर्जन गर्न असक्षम भएमा वा बसाई सरी अन्य मुलुकमा गएको खण्डमा यस योजनाबाट अलग हुन सकिने छ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**

-पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पूरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्नेछ।

-बचतकर्ताले १५ वर्षको बचत नगद त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भुक्तानी लिन वा पेन्सनको रुपमा भुक्तानी लिन सक्नेछन्।

-कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रुपमा तोकिएको न्यूनतम किस्ताले हुने जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन्।

**पेन्सन गणना विधि :**

सहभागीले गरेको बचत, त्यसको ब्याज र कोषको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर पेन्सन पाउने छन्।

**पति वा पत्नीले पेन्सन पाउने :**

- पेन्सन पाउन योग्य सहभागीले पेन्सन प्राप्त गर्न शुरु गरेपछि निजको मृत्यु भएमा मृतकको पति वा पत्नीलाई निजले पाइरहेको रकम बराबर नै पारिवारिक पेन्सन प्रदान गरिनेछ। तर, सहभागीसँग निजको अंशबण्डा भएको भए वा वैवाहिक सम्बन्ध कायम नरहेको अवस्थामा यो सुविधा प्रदान गरिने छैन।

-बचतकर्ताको निवृतिभरण शुरु भएपछि निज र निजको श्रीमान वा श्रीमती दुबैको मृत्यु भएमा कोषमा सम्बन्धित व्यक्तिको नाममा बाँकी रहेको बचत रकम निजहरूको कानूनी हकदारलाई प्रदान गरिनेछ।

-कुनै बचतकर्ताको निवृतिभरण प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा निजको नजिकको हकवालालाई निजले जम्मा गरेको रकम, त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ रुपमा प्रदान गरिने छ।

- नेपाल सरकार वा अन्यत्रबाट पेन्सन पाइरहेको व्यक्तिले कोषमा योगदान गरी निवृत्तिभरणको लागि योग्य भएमा कोषबाट पेन्सन लिन वाधा पर्ने छैन।

**योजनामा रकम जम्मा गर्ने विधि :**

- सहभागी वचतकर्ताले जम्मा गर्नु पर्ने रकम कोषले तोकेको बैंक खातामा भौचर मार्फत वा विद्युतीय भूक्तानीमार्फत जम्मा गर्न सक्ने छन्। बचतकर्ताले बैंकमा रकम दाखिला गरेपछि सोको जानकारी कोषलाई दिनु पर्नेछ। कोषद्वारा तोकिएको खातामा रकम जम्मा नभएमा उक्त रकमप्रति कोषको कुनै दायित्व रहने छैन।

-कोषमा रकम जम्मा गर्दा सम्बन्धित सहभागी बचतकर्ताको नाम र कोषले प्रदान गरेको परिचय नम्बर अनिवार्य रुपले उल्लेख गर्नु पर्ने छ।

-रकम जम्मा गर्दा आफ्नो सही नाम र कोषले प्रदान गरेको परिचय नम्बर उल्लेख गर्नु पर्ने दायित्व सम्बन्धित बचतकर्ताको हुनेछ। गलत नाम वा परिचय नम्बर उल्लेख भई रकम जम्मा भएमा त्यसको जिम्मेवारी कोषले लिने छैन।

**कोषमा जम्मा भएको रकममा ब्याज तथा प्रतिफल दिइने :**

- योजना अन्तर्गत कोषमा जम्मा भएको रकममा समितिले समय समयमा निर्धारण गरे अनुसार दैनिक मौज्दातको आधारमा ब्याज गणना गरी त्रैमासिक रुपमा ब्याज प्रतिफल प्रदान गरिने छ।

**सहभागीहरूलाई सापटी तथा अन्य सुविधा :**

- कोषले योजनाका सहभागी वचतकर्तालाई निजको नाममा जम्मा रहेको रकममा बढीमा ८० (असी) प्रतिशतसम्म सापटी प्रदान गर्न सकिनेछ।
- जुनसुकै कारणले बचतकर्ताको मृत्यु भएमा निजको अन्तिम संस्कारको लागि निजको नजिकको आश्रित परिवार सदस्य वा हकवालालाई दश हजार रुपैयाँ एकमुष्ठ उपलब्ध गराइनेछ।
- बचतकर्ताले कोषद्वारा तोकिएका प्राइभेट अस्पतालमा औषधी उपचार गर्दा लाग्ने खर्चमा छुट सुविधा प्रदान गर्न सकिने छ।
- दुर्घटनामा परी बचतकर्ता मृत्यु हुन गएमा निजको नजिकको हकवालालाई दुर्घटना वीमा बापत एक लाख रुपैयाँ प्रदान गरिने छ।

# हलो भित्ता राखेर योजना बनाउने सिद्धान्तबाट निर्देशित हामी अलमलिन पुग्यौं : वरिष्ठ नेता र



✍धनबहादुर मगर

काठमाडौं फागुन १५ नेपाल पशु स्वास्थ्य प्राविधिक संघको महाधिवेशन कमलादीस्थित प्राज्ञ प्रतिष्ठानको सभाहलमा सम्पन्न भएको छ।

उक्त महाधिवेशनका प्रमुख अतिथि पूर्व पधानमन्त्री शेरबहादुर देउवाले महाधिवेशन शत्रको समुद्घाटन गर्दै देशको कृषिमा प्राविधिज्ञहरूको महत्वपूर्ण योगदान रहने बताउनु भयो।

समुद्घाटन सत्रका विशिष्ट अतिथि तथा नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कृषि विकासको लागि विगतमा भन्दा सजिलो र प्रविधि भित्रिएकोले अरु उद्योगहरूमा जस्तै सजिलो भएको बताउनु भयो। कृषि समृद्धि र रोजगार क्षेत्र भएकोले कृषिमा जोडदिनु पर्ने बताउनु भएकोछ।

पौडेले भन्नु भयो "भित्तामा हलो राखेर योजना बनाउने दर्शनबाट निर्देशित हामी अलमलिन पुग्यौं।" उहाँले कृषिमा नेपाली काँग्रेसको पार्टी अलमलिन पुगेको बताउनु भयो।

अर्का नेता प्रा.डा.सशांक कोइरालाले १७ लाख हेक्टर खेतीयाग्य जमिनहरू खण्डित गरेर विदेश जानबाट रोकेर रोजगारको सिर्जना गर्नु पर्ने बताउनु भयो। पानी जहाज र रेल ल्याएर विकास हुने होइन मलिलो माटो छ। पहिले कृषिको विकास गर्नु पर्छ।

नेपाली काँग्रेसका नेता बद्रि पाण्डेले पशु स्वास्थ्य ऐनको अभावमा वैधानिक रुपमा काम गर्न अप्ठेरो परेको बताउनु भयो।

डेमोक्रेटिक एग्रीकल्चर एशोसिएनका अध्यक्ष डा.सूर्य पौडेलले नेपालको कृषि क्षेत्र क्रस रोडमा उभिएको बताउनु भयो। पौडेलले आफ्नो पार्टी पनि अन्य पार्टीहरूभन्दा कम नभएको भन्दै पार्टी र नेताहरूलाई पटक-पटक समस्याहरू राख्दा पनि सुनुवाई नगरेको बताउनु भयो। यस्ता मुद्दाहरू आउने जाने र सुनाउने भइरहेको छ कि त हामीलाई कन्भिन्स गर्नुस् कि हामीबाट कन्भिन्स हुनुहोस् भन्नुभयो।

त्रिवि विद्यार्थी संघका अध्यक्ष युवा विद्यार्थी नेता हरि आचार्यले जबसम्म कृषिमा उल्लेख्य रुपमा योगदान गर्न नसकेसम्म युवाहरू खाडी मुलुकमा जान नरोकिने बताउनु भयो।

निजामति कर्मचारी संघका अध्यक्ष गोपाल पोखरेलले मन्त्रीस्तरीय सार्वजनिक व्यक्तित्वहरूले इतिहासमा निजामती कर्मचारीहरूमाथि अति अपमानित गरेको बताउँदै जति खेद् व्यक्त गर्दा पनि नपुग्ने बताउनु बताउनु भयो।

अधिकारीक ट्रेड युनियनका अध्यक्ष पुण्य ढकालले विकासको कुरा गर्दा प्रविधि विना विकास र समृद्धि सम्भव नहुने बताउनु भयो। कर्मचारीहरू ४ हजारबाट ७५३ मा आएर खुम्चिनु परेको छ।

ट्रेड युनियन काँग्रेसको अध्यक्ष पुष्कर आचार्यले सरकारले ट्रेड यूनियन अधिकार खुम्च्याउन खोजेको बताउनु भयो। सबै क्षेत्रमा बर्तमान सरकारले हस्तक्षेप गरिरहेको बताउदै ट्रेड युनियन माथि कुनै पनि प्रकार हस्तक्षेप सचेतता पूर्वक सामना गर्ने बताउनु भयो।

दोस्रो महाधिवेशन २०७६को अवसरमा कृषिमा उत्कृष्ठ योगदान पुऱ्याए वापत चितवन भरतपुरका मोतीराम ढकाल, नवलपुर नवलपरासीका मायादेवी महतो, अत्तरिया कैलालीका मिन बहादुर जैसी, नवलपरासीका हिराबहादुर खत्री, सुर्खेतका मानबहादुर डाँगी, रुपन्देही तिलोत्तमाका दयानिधी गैरेलाई संघको तर्फबाट विशिष्ट अतिथि रामचन्द्र पौडेलले सम्मान पत्र प्रदान गरेका थिए।

कार्यक्रम सञ्चालन महासचिव सरेशकुमार श्रेष्ठले गर्नु भएको थियो।

महाधिवेशनको अध्यक्षता संघका अध्यक्ष जनक रावलले गर्नु भएको थियो।

कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता
देश आत्मनिर्भरताको मूल आधार, कृषि
विकासमा नविनम् सुधार
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र
(CAIDMP)

बेला गोठमा आराम नपाएमा एक्कासी यो रोग लाग्ने सम्भावना बढि हुन्छ।

**लक्षण :**

यो रोगको लक्षण तीन प्रकारको हुन्छ।

१.सुन्निने अवस्था

२.निमोनिक अवस्था

३.इन्टेरिक अवस्था

कम उमेरको पाडा/पाडी तथा बाछा/बाछीहरूमा एक्कासी १०६-१०७ डिग्री फरेनहाइट सम्म ज्वरो आउछ। मुख, नाकबाट ऱ्याल सिंगान काढ्ने, आूखा रातो हुने, खान छोड्ने, कान लत्रिने, शुरुमा दिसा कब्जियत हुने तथा पछि रगत मिसिएको पातलो दिशा गर्ने गर्दछ। पेट दुखेर दूात कट्कट्याउने तथा ६-८ घण्टामा पशुको मृत्यु हुने गर्छ।

**(१) सुन्निने अवस्था :**

यस अवस्थामा पशुलाई अत्यधिक ज्वरो (१०५-१०६ ०फा) आउने, झोक्रिने, ऱ्याल सिंगान काढ्ने, मुखको भित्री भाग सुन्निने, घाूटी, च्यापु तथा जिब्रो सुन्निने, श्वास फेर्न अप्ठयारो हुने, जिब्रो बाहिर निकाल्ने, लिम्पु ग्रन्थी सुनिने, नाकबाट पहेंलो पदार्थ निकाल्ने तथा स्वास फेर्न नसकी मर्ने गर्दछ।

(२) यस अवस्थामा पशुको श्वासनली देखि फोक्सोसम्मको भाग पूर्ण रुपले प्रभावित हुन्छ। यसै क्रममा सबभन्दा पहिले च्यापु सुन्निने क्रम बढ्दै गई ह्याकुल्लोसम्म पुग्छ, खोक्छ, टाउको तथा घिच्रो तन्काएर स्वास लिने तथा नाकबाट फिँज काढ्ने तथा मुख खोलेर स्वाूस लिन थाल्छ, र श्वास लिँदा जोडले घ्यार-घ्यारको आवाज निस्किन थाल्छ। च्यापु सुनिएको भाग छाम्दा तातो, साह्रो (कडापन) तथा दुख्ने गर्छ। कुनै-कुनैमा पेट फुल्ने तथा खुट्टा पनि सुन्निन सक्छ। उपचार नभएमा कम उमेरको पाडा/पाडी छिट्टै मर्छ, भने वयस्क पशु बढीमा ४/५ दिनमा मर्ने गर्छ।

भेडा, बाख्रामा यो रोगको खासै प्रस्ट लक्षण नदेखिए तापनि अत्यधिक ज्वरो आउने, झोक्रिने, मुखबाट ऱ्याल काढ्ने, नाकबाट सिंगान बगाउने तथा आूखा रातो हुने जस्ता लक्षण देखाई २४ घण्टामा मृत्यु हुन्छ।

**(३) इन्टेरिक अवस्था :**

यस अवस्थामा पशुको मुखदेखि लिएर फोक्सो, कलेजो, अमाशय तथा आन्द्रासम्मको भाग सुन्निछ। रोगी पशुको पेट फुल्ने, पखाला लाग्ने तथा रगत मासी जस्तो दिशा गर्ने र उपचार नभएमा ३-४ दिनमा मर्ने गर्छ।

उपचार यो रोगको उपचार शिघ्र भएमा बाूच्न सक्छ।

एण्टीवायोटिक्स जस्तै सल्फाडिमाईडिन इन्जेक्सन ५०-१०० मि.लि. छालामा वा नशामा एकै चोटी दिनुपर्छ। त्यसको भोलिपल्ट आधा मात्रा घटाएर सुई दिँदै जाने र ठिक भैसकेपछि मात्र सुई दिन छोडने। वा टेट्रासाइक्लिन, अक्सिटेट्रासाइक्लिन ला ३०-६० मि.लि तथा १०-६० मि.लि सानो पशुमा ७२ घण्टाको फरकमा ठिक नभएसम्म दिने। (१ एम.एल/१० के.जी.शारीरिक तौलको हिसाबले सुई दिने) वा,

एम्पीसिलीन+क्लोक्जासिलीन २-२.५ ग्रामसम्मको भाइल १० मि.लि डिस्टील पानीमा मिसाई २४ घण्टाको फरकमा मासुमा सुई दिने। वा,

डाईकेस्टिसिन, विस्टपिन ४०-६० लाख युनिट ठूलो पशुलाई तथा ४-८ लाख युनिट सानो पशुलाई ठिक नभएसम्म मासुमा सुई दिने। डेक्सामेथाजोल, डेक्सोना इन्जेक्सन ५-१० एम.एल पशुको अवस्था अनुसार मासुमा सुई दिने।

**रोकथाम :**

यो अति शिघ्र एकबाट अर्को पशुमा सर्ने रोग भएकोले तुरुन्त रोगी पशुलाई अलग्गै बाूध्ने तथा निरोगी पशुलाई तलको भ्यागुतो विरुद्धको खोप छालामा लगाउने। सुई दिँदा ठूलो पशुलाई ३ मि.ली. र सानो पशुलाई १.५-२ मि. ली .सुई छालामा दिनुपर्छ। प्रत्येक वर्ष वर्षायाम शुरु हुनु भन्दा पहिले नै यस रोग विरुद्ध खोप लगाई सक्नुपर्छ। गोठको कुना काप्चा आदि ठाउँमा २ प्रतिशतको फर्मालिन झोल बनाई छर्नुपर्छ

**पशु स्वास्थ्य :**

स्वस्थ गाईभैंसीबाटै बढि फाइदा लिन सकिन्छ। तर्सथ गाईभैंसीलाई निरोगी राख्न निम्न अनुसारको गतिविधी गर्नुपर्छ।

**महिना :**

स्वास्थ्य सम्बन्धी काम पुस : F.M.D Vaccination माघ : परजीवि विरुद्ध औषधी खुवाउने, वाह्य परजीवि

**फागुण** : एन्थ्रेक्स रोग विरुद्ध भ्याक्सिन दिने

**चैत्र** : H.S. / B.Q. को Vaccine दिने

**वैशाख** : बाह्य परजीवि विरुद्ध Drenching गर्ने जेठ : T.B / Johne's विरुद्ध परीक्षण गर्ने

**असार** : F.M.D. Vaccination

**श्रावण** : आन्तरिक परजीवि विरुद्ध Drenching गर्ने

**भाद्र** : Drenching गर्ने, F.M.D. Vaccination गर्ने

**आश्विन** : आन्तरिक परजीवि विरुद्ध Drenching गर्ने

**कार्तिक** : Dipping र Drenching गर्ने

**मंसिर** : Brucella टेष्ट गर्ने।

## चैत्र महिनाको कृषि कर्म

**खेतीपाती :**

-चैत्रे धान रोपाई गर्ने।

-गहुँ, जौ आदि भित्र्याउने र राम्रोसँग सुकाएर भण्डारण गर्ने।

-तराई र भित्री मधेशमा गहुँ काटेपछि मुंगको खेती गर्ने।

-मध्य पहाडमा फर्सी परिवारको तरकारीहरु गोलभेंडा, भण्टा, खुर्सानी, भेंडे खुर्सानी आदि तरकारीको बेर्ना सार्ने।

-फूल बगैंचामा गोडमेल तथा सिँचाई गर्ने र छापो हाल्ने।

-आरुमा लाग्ने पात खुम्चिने रोगबाट बचाउन फूल फुल्न अगावै वा फूल झरि सकेपछि ढुसीनाशक विषादीले उपचार गर्ने।

-मकैको बोटहरु छाँटेर गोडमेल गर्ने सिँचाई गर्ने र युरिया टप ड्रेस गर्ने।

-वर्षे आलुलाई गोडमेल गरी उकेरा दिने र तरकारी बालीमा रोगकीरा नियन्त्रण गर्ने तर्फ ध्यान दिने पहाडको तल्लो र मध्यभागमा केराको विरुवा रोप्ने।

**पशुपालन :**

-घाँसको लागि जै र टियोसेन्टी जस्ता बालीहरु रोप्ने।

-भ्यागुते चरचरे र खोरेत रोग लाग्न सक्ने भएकाले बेलैमा सचेत हुनु पर्ने।

-तराई र भित्री मधेश क्षेत्रमा नाम्ले परजीविको आक्रमणबाट पशुहरुलाई बचाउन यसको रोकथाममा ध्यान दिने।

# गाई भैंसीमा लाग्ने मुख्य-मुख्य रोगहरू

**१.खोरेत :**

नेपालको तराईदेखि उच्च पहाडी क्षेत्रसम्म फैली यसले लाखौंको नोक्सान पुऱ्याउछ । यो रोग विषाणु भाइरसबाट सर्ने भयानक सरुवा रोग हो । यो खास गरेर खुर फाटेका जनावरहरू जस्तैः गाई, भैंसी, भेडा, बाख्रा तथा बूगुरमा पटक-पटक देखा परिरहने गर्दछ । स्थानीय वयस्क गाई भैंसीहरूमा खोरेत रोग व्यापक रुपमा देखा परेता पनि यसकै कारण मृत्यु भने कमै हुने गर्दछ । तर यो रोग लागेपछि बाछा/बाछी, पाडा/पाडी र बूगुरका पाठा/पाठी भने अत्यधिक संख्यामा मर्ने गर्दछन् । यो रोग लागेमा दूधालु गाई भैंसीहरूको दूध उत्पादन आधा भन्दा बढी घट्ने र लामो समयसम्म यसको नकारात्मक असर रहिरहने हुन्छ । ब्याउने गाई वस्तु भएमा गर्भ तुहिन्छ र गोरुलाई महिनौंसम्म जोत्न सकिँदैन । हामीकहा् पशु विकासको क्रममा उन्नत जातका बढी उत्पादनशील गाईभैंसी, भेडा-बाख्रा तथा बूगुरको संख्या हरेक वर्ष बढ्दो छ । यस्ता उन्नत पशुहरूमा खोरेत रोगको संक्रमणले मृत्यु दर पनि बढी हुन्छ ।

**कारण :**

यो रोग विभिन्न प्रकारका विषाणु द्वारा लाग्ने गर्दछ । हाम्रो देशमा “ओ”, “ए” र एसिया १ जातका जिवाणु खोरेत रोग फैलाउन सक्रिय भएको पाइन्छ । खोरेत रोग लागेका ५० प्रतिशत गाई, भेंडा-बाख्राले यो रोगको विषाणु लामो समयसम्म आफ्नो शरीरमा पाली राख्दछ ।

हाम्रो देशमा खास गरी गाई, भैंसी, खसी, बोका र बूगुरको अनियन्त्रित ओसारपसार तथा खेतीको समयमा राूगो आवतजावतको कारण संक्रमित पशुको सम्पर्क बढ्नाले रोग फैलिएको पाइन्छ ।

**लक्षण :**

- शुरुमा पशु झोक्रिनुका साथै खाना खान मन नगर्ने तथा दूध उत्पादन एक्कासी घट्ने ।
- मुखमा बिबिरा जस्तो मसिनो फोका आई मुखबाट र्‍याल तपतप चुहाई राख्ने ।
- शरीरको तापक्रम बढन् गई १०४-१०६ डिग्री फरेनहाइटसम्म ज्वरो आउछ ।
- मुखको गिजा, जिब्रो, ओठ (थुतुनो), मुख भित्रको माथिल्लो कडा भाग आदिमा बिबिरा निस्की सकेपछि ज्वरो घट्छ ।
- मुख भित्रको बिबिरा फुटेर पातलो झिल्ली उप्किएर रातो अल्सर जस्तो भई दाना,



घाूसपात आदि उक्किएको कलिलो छालामा टाूसिन्छ । यसले छाला पोल्न गई पटक्कै खान सक्दैन र र्‍याल बगी रहन्छ ।

- मुखको घाउ निस्केको ४-५ दिनमा खुरको कापमा फोकाहरू निस्किन गई खुट्टाको घाउमा जिवाणुको संक्रमण भई पाक्छ र पिप बग्न थाल्छ । यो गन्हाउछ र यसमा पछि किरा पनि पर्न सक्छ ।
- थुन तथा कल्चौंडामा पनि बिबिरा निस्किन गई थुनिलो पनि हुनसक्छ ।
- यो रोगले ठूलो माऊ भन्दा साना पाडा/पाडी तथा बाछा/बाछीलाई बढी असर पुऱ्याउने भएकोले उपचार नपाउँदा तिनीहरू मर्न सक्छ ।
- ब्याउने माउहरूले गर्भ तुहाउन सक्छ ।

**उपचार :**

यो विषाणुबाट सर्ने रोग भएकोले यसको कुनै खास उपचार छैन तर लक्षण अनुसार उपचार गर्दा नोक्सानबाट बच्न सकिन्छ ।

- सर्वप्रथम मुखको घाउलाई सफा मन तातो पानीमा २ प्रतिशत फिटकिरी घोली त्यसको झोलले मुख सफा गर्ने ।
- खुट्टाको घाउलाई ०.५ प्रतिशत फर्मालिनको झोल बनाई सफा गर्ने ।
- थुनमा आएको घाउलाई २ प्रतिशत वोरिक एसिडको झोल बनाई सफा गर्ने । तथा ओभानो पारी वेटाडिन मल्हम लगाउने ।
- खुट्टा तथा मुखको घाउ छिटो निको पार्न सल्फाडिमाइडिन वा एन्टिवायोटिक्सको रुपमा २०-४० लाख युनिटसम्म स्ट्रेप्टो पेनिसिलीन वा २-२.५ ग्रामसम्मको एम्पीसिलिन + क्लोक्जासिलीन ५-७ दिनसम्म मासुमा सुईदिने । साथै एभिल र दुखाई कम गर्ने सुई १० मि.लिको दरले मासुमा सुई दिने ।
- किरा पर्न गएको खुट्टाको घाउलाई मन तातो पानीमा पोटास राखी सफा गर्ने तथा किरा मार्न तारपिनको तेल घाउमा राख्ने तथा एण्टीसेप्टिक मल्हम घाउमा लगाउने ।

**रोकथाम :**

- रोगी पशुको शंका हुनासाथ तुरुन्त अलगै राख्ने ।
- मुखको घाउलाई असर पर्न नदिन पिउने खालका आहारा जस्तै भातको माड वा अन्य झोलकुरा दिने ।
- गोठलाई फिनाइल पानीले छर्कने
- स्वस्थ्य पशुहरूलाई रोग विरुद्ध खोप लगाउने । खोप लगाउदा रक्षा नामक इण्डियन भ्याक्सिन २ मि.ली. ६ महिना भन्दा माथी उमेर भएका पशुको छाला मुनि दिने ।
- विभिन्न औषधी कम्पनीहरूको ट्राईभेट भ्याक्सिन पनि पाइन्छ, जुन चरचरे, भ्यागुते तथा खोरेतको विरुद्ध निकालिएको खोप हो । तर त्यसले विषाणुको प्रकोप चारैतिर भएमा रोगबाट पुर्ण रुपमा पशुलाई बचाउन सक्दैन, तसर्थ खोरेतकै मात्र काम गर्ने भ्याक्सिन लगाउन सल्लाह दिइन्छ ।

**भ्यागुते :**

यो पशुहरूमा लाग्ने खतरनाक सरुवा रोग हो । यो खास गरेर वर्षातको मौसममा निकै गर्मी भएको बेलामा बढि देखापर्छ । यो जिवाणुबाट हुने रोग हो, जुन गाई भैंसीमा बढी देखिन्छ । तर, कहिले कहिं भेडा, बाख्रा, सुगुर घोडा तथा ऊटमा पनि देखिने गरेको पाईन्छ । यो खास गरेर मोटोघाटो तथा सप्रेको पशुहरूमा बढी देखा पर्छ । यो रोग लागेपछि शरीरको तापक्रम एक्कासी बढ्छ, घाटी सुन्निन थाल्छ, जुन गला तथा च्यापुसम्म फैलिन्छ । यो अति नै तिव्र गतिले फैलिन्छ । शरीरको भित्री भागमा रहेको फोक्सो तथा आन्द्रा सुन्निई अन्तमा श्वास नली तथा जिब्रो सुन्निएर श्वास फेर्न नसकी घ्यार-घ्यार आवाज गर्छ । यस्तोमा पशु भुईंमा ढल्छ र २४-४८ घण्टाको बिचमा मर्दछ ।

**कारण :**

यो रोग पास्चुरेला मल्टोरिडा नामक जिवाणुबाट हुन्छ, जुन आहारा पानी तथा झिँगा, लामखुट्टे, डाूस, किर्ना, उपियाू आदिको टोकाइबाट निरोगी पशुमा सर्दछ । धेरै लामो बाटो हिंडेर पशु आएको बेला वा धेरै मिहनेत गरेर आएको



# थाहा भएन भनेर छुट हुन्न : रजिष्ट्रार

**✍रितु रुपाखेती**

नेपाल सहकारी पत्रकार समाजले सम्पत्ती सुद्धिकरण निवारण विषयक अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरिएको छ ।

कार्यक्रममा जिल्ला सहकारी संघ काठमाडौंका अध्यक्ष ज्ञानबहादुर तामाङले काठमाडौं उपत्यकाको ११ वटै नगरमा सहकारी संघ रहेको बताउँदै सहकारीलाई विधिसम्मत अगाडि बढाउन कार्यविधि अभावमा रहेको बताउनु भएको छ ।

आरोप लगाउन धेरै सजिलो छ । केही गरेन भनिन्छ । सबैभन्दा धेरै सहकारी संस्था काठमाडौं जिल्लामा छन् । काठमाडौंको सहकारी संस्थाहरूले कार्यविधि बनाएका छन् । सहकारीमा सबै पैसा आयो भन्ने बैंकहरूले आरोप छ । समस्या आउँदा समाधान गर्न सहज हुन्छ जस्तो लाग्छ । समस्याहहरू भएको अवस्थामा अविभावकको भूमिका सहकारी विभागले गर्नु पर्छ । सम्पत्ती सुद्धिकरण गर्ने अवस्था आयो भने सहजीकरण गर्छु । त्यस्तो विषयहरू उठ्ने गरेको छ । नेपालमा भएका त्यस्तो ६० प्रशिशत सहकारी संघ-संस्थाहरू राम्ररी व्यववस्थापन गर्न सकेको छैन ।

नेपाल ऋण तथा वचत सहकारी संघका उपाध्यक्ष चन्द्रप्रसाध ढकालले सहकारी ऐन २०६४ आएपछि तिनकै आधारमा कामहरू गरिहकेका बताएका छन् । सैद्धान्तिक मतभेद छैन । आवद्ध हुने संस्थाहरू निर्देशिका बनाएरै काम गरिरहेको छन् । अध्यवधी भएन भन्ने कुरा र स्थानीय तहमा फ्लो अप भएन कि भन्ने छ ।

सम्पत्ती सुद्धिकरण विभागका महानिर्देशक रुपनारायण भट्टराइले अनुसन्धानन गर्ने निकाय, न्याय दिने निकाय, मिडियाको बीचमा जानु हुन्न भन्ने छ । सम्पत्ती सुद्धिकरण निकाय सबैको हो भन्ने छ । अमेरिकामा एकजना ईटाललियन व्यापारीले राज्यसत्तालाई आफ्नो पक्षमा निर्वाचित गराए छ । सरकारले अवैध गतिविधि नियन्त्रण गर्नेगरी कानून बनाए । त्यही कानून र कार्यविधिलाई हामीले पनि फ्लो गरिरहेको छौं ।

१९८९ मा कालो बजारी र अवैध सम्पत्तीलाई मन्त्रीस्तरीय वित्तिय कारवाही उचित व्यस्वस्थापन गर्न ४० कार्यविधि बनाएको रहेछ । त्यही कार्यविधि हामीले पनि २०६४ देखि कार्यन्वयन हुनेगरि ल्याएका छौं । सहकारी विभागले हामी एमएयूमा छौं । कार्डिनेशन मिशनमा धकेललिएका छौं । सहकारीमा क्रिमिलाइज भएकोछ भने सिधै कोर्टमा जान्छौं । पाकिस्तान रेडलाइनमा परेको छ । वैदेशिक व्यापार बन्द गर्छ । अन्तर्राष्ट्रिय सुशासन कार्यक्रम गर्ने विधि, मोनिटरिङ्ग रिस्क एसेस्मेन्ट ज्ञानको असाध्य कमी छ । उच्च रेडलाईनमा भएको पैसा सहकारी विभागमा छ भनिन्छ । आफ्नो सदस्य संस्थालाई जानकारी गराउने सहकारी क्यासिनो जस्तो हुनुहुँदैन । गतसाल १५ वटा सहकारी सम्पत्ति सुद्धिकरणमा परेको छ ।

सहकारी विभागका रजिष्ट्रार टोकराज पाण्डेले २०७४ सालको कार्यविधि र सम्पत्ती सुद्धिकरण ऐन २०७४ सहकारी एकदम जोखिममा छ । ठूलो मात्रामा कर्जा प्रवाह, कारोवारले १० लाख देखि १० करोड सम्मको जरिवाना पर्ने छ ।

त्यतिबेला जानकारी भएन भनेर छुट कसैलाई हुँदैन । त्यस कार्यविधि नमान्नेलाई जरिवाना र कारवाही पर्न पनि पछि पर्दैन ।

चेतना अभिमुखीकरण कार्यक्रम गर्न विभिन्न निकाय मार्फत लागेका छौं । गत माघ १ देखि (गो अनलाइन)मा गएको छ । १ लाख भन्दा माथिका कारोवार स्रोत खुलाउनु पर्नेछ । हामी आफै उन्मुक्ति नपाउने भएकाले कसैलाई पनि छुट दिन सक्दैनौं । सहकारी ऐन परिपालन गर्न निर्देशन दिन्छु ।

कान्तिपुर टेलिभिजनका समाचारदाता सुदिल पाखरेल लगायत अन्य सञ्चारकर्मीहरूले अनियमितता गरेका सहकारीहरूलाई कारवाही गरेका छन् कि छैनन् ? सम्पत्ति सुद्धिकरण भएको छ कि छैन ? सहकारीका नेताहरूलाई लागु हन्छ कि हुँदैन ? सहकारी सम्पत्ति सुद्धिकरणको मापन के हो ? स्पष्ट आएन जस्ता आदि प्रश्नहरू उठाएका थिए ।

उक्त कार्यक्रममा सहकारीका पदाधिकारीहरू आफूहरू पूरानोबाट नयाँ नेतृत्वमा आउँदा भनेजस्तो काम गर्न नसकिएको, ७ सय संस्थालाई मोनिटरिङ्ग राम्ररी गर्न नसकिएको, सम्पत्ति सुद्धिकरणको कारणले कालो सूचीमा नपर्ने नभएकोले बजेट भएपनि लिएर जानु परेको, डिएफओमा आवद्ध सदस्यहरूको संस्था भएकोले पूर्ण रुपमा कार्यविधि पालना गर्नु पर्ने भएको, २१५ वटा मुलुकका प्रतिनिधीहरू २०२० को अक्टुरमा फेस टु फेस मिटिङ्ग हुने भएको, ४० वटा रिकोमेण्डेशनका कार्यविधि र शर्तहरू पालना गर्नु परेको बताए ।

हाई रिस्कको आधार केके हुन सक्छ भन्ने प्रश्नमा रिस्क प्रोफाइलका व्यक्ति तथा संस्थाहरू राजनीतिक नेतृत्व, सेनापति, न्यायाधिश, प्रहरी प्रमुख, संस्थाका प्रम्खहरू पर्ने बताए । छानविन गरि सिस्टम बनाउने सूचक संस्थामा भएकाले १० लाख सदस्य मध्ये केवाइसी भर्नु परेको बताए । शंकास्पद देखियो भने अनुसन्धान गर्ने निकाय छन् । जम्मा भएका पैसाका स्रोतहरू खुलेन भने टेरोरिज्म र धार्मिक संघ-संस्था आदिमा गयो कि भने रिस्क वेस र कर छल्न । गरेको रहेछ भने पनि जफत हुन्छ ।

नेशनल रिस्क एसेसमेन्ट, हाई प्रोपाइल रिस्कका धेरे क्षेत्रहरू छन् । नेपाल सहकारीको सम्पीत्त सुद्धिकरण प्रम कार्यालयले हेर्छ ।

संस्था सहकारी संस्था सुनचाँदी, घरजग्गा व्यवसाय, को कारोवार जस्तो हुनुहुँदैन । व्यक्तिगत बाहेक व्यवसायी गर्ने सूचक संस्थाको रुपमा आवद्ध हुनु पर्छ भनेको छु । सम्पत्ति सुद्धिकरण १९ र २० होइन २०-२० हो । घर जग्गा १ करोड भन्दा माथि कारोवार गर्छ । सहकारी संस्थाहरू एक्टिभ हुनु पर्छ । प्राविधिक सहयोग सहकारी विभागसँग माग्ने हो ।

अनुसन्धानको दायरा, सम्पत्ति सुद्धिकरणको ईस्यु हेर्ने व्यक्ति, ४ करोडको गाडी चढेर हिड्छ । कुन स्रोतबाट त्यस्तो गर्न सक्छ ? कसरी वित्तिय कारोवार गर्छ ? सम्पत्ति सुद्धिकरणको ईस्यु तथ्यामा लेख्नु पर्छ । पारदर्शी छन् कि छैनन् भनेर यो विषय सबै डिप्लोम्यासीमा समेत जान्छ । अनुसन्धानको क्रममा भएको विषय नउठाई दिनु । व्यक्तिगत र संस्थागत सबैको बचत कति पैसा डुब्छन् कि भन्ने तिर नमान्नु होस् ।

केन्द्रीय सहकारी संघका अध्यक्ष सुरेन्द्र भण्डारीले सम्पत्ति सुद्धिकरण ऐनलाई पूर्ण रुपमा कार्यन्वयन गर्ने बताएं । सहकारी संस्थाले सूचना दिने हो । अझै प्रभावकारी बनाउन तालिमहरू अझै पुगेन कि ? विभागसँग हामीले यी विषय राख्छौं । नेपालमा सबैभन्दा कडा कानूनी प्रावधान यही छ । सहकारी निकायमा कालो धन छ भने नियामक निकायले अनुगमन अनुसन्धान गर्नु पर्छ । सदस्य सहकारी संस्थाले ऐन कानूनलाई मैले जानेन भन्नु पाइन्न । टेरोरिज्म फाइनान्सियल, सहकारीले मात्र नभई यूएनले समेत हेर्छ ।

# आम्दानीको साथै स्वस्थ खानेकुरा र व्यायाम हुने भएकाले कृषि व्यवसाय रोजे"

**कृषि व्यवसायी ज्ञानुमाया तामाङ**

२०४३ साल चैत ३ गते पिता रामबहादुर तामाङ र माता बुद्धिकुमारी तामाङको कोखबाट रसुवा नौकुण्ड सरमथली गाउँमा जन्मिएकी ज्ञानुमाया तामाङले २०५९ सालमा गौतम बुद्ध निमाविबाट एसएलसी पास गरेकी थिईन्। बुवाको समाजसेवाबाट प्रेरित भएकी तामाङ १७ वर्षमा विवाह भए पनि आफनो सुन्दर समाज निर्माणमा लागि रहिन्। समाजका केही व्यक्तिले विरोध गरे पनि आत्माविश्वासका साथ टोल सुधार समितिकी अध्यक्ष भएर विकास योजनाका काम गरिरहिन्। समाज परिवर्तन गर्न आफैबाट शुरु गर्नुपर्छ भन्दै लागिरहेकी उनै सङघर्षशील महिला अहिले समृद्ध कृषि तथा पशुपालन कृषि फार्म दर्ता गरि कृषि पेशामा लागेकी छन्। कृषि पेशा र समाजसेवाको कामबारे उनै विकासप्रेमी अगुवा महिला ज्ञानुमाया तामाङसँग **दर्पण दैनिक**को लागि रसुवाबाट संगीता लामाले गरेको प्रेरणादायी कुराकानीको सार संक्षेप उपयुक्त भएकोले उक्त अंशलाई साभार गरी जस्ताको तस्तै **कृषि जर्नल** मासिक पत्रिकामा प्रकाशित गरिएको छ।



**तपाई कृषि पेशामा कसरी आकर्षित हुनुभयो ?**

हामी किसानकै सन्तती हौं, जीवन खुसी राख्न कृषि पेसा गर्नु पर्छ। परम्परागत कृषि तथा पशुपालन त पुरानै पेशा हो। मुख्य पेशा कृषि नै बनाएर लाग्छु भनेर चाहीँ अरुले कृषि, पशुपालन गरेको देखेर एकदमै रहर लागेपछि म पनि यसमा लागें। युटुब तिर भिडियो हेरें, अहिले पनि हेर्छु त्यहाँ कृषि पेशाबाट धेरै आम्दानी गरेको देख्दा म पनि गर्छु, भन्ने लाग्यो। अनि भारतबाट आएको बिषादीयुक्त तरकारी खानुभन्दा यहाँ उत्पादन भएको अर्गानिक तरकारी खाएमा स्वस्थ रहने भएकोले आफ्नो स्वास्थ्यलाई ख्याल गर्दै यो पेशा शुरु गरेकी हुँ। कृषि पेशा गर्दा छोटो समयमै धेरै आम्दानी हुने भएकोले यो पेशा रोजें। म आफु मात्र लागेर भन्दा पनि म आम नारी रसुवाली दाजुभाई दिदी बहिनीहरूमा कृषिमा लाग्न अनुरोध गर्दछु। कृषि गर्दा स्वस्थ खानेकुरा खान पनि पाईने, खेतमा काम गर्दा व्यायाम पनि हुने।

**तपाईलाई कृषि पेशामा घर परिवारको सहयोग कस्तो छ ?**

मेरो परिवारका सबैसदस्यहरू कृषि तथा पशुपालनमा खटिरहेका छन्। घर परिवारको साथ विना त मानिस अधुरै हुन्छ। कुनै क्षेत्रमा सफल बन्न परिवारको माया तथा साथ जरुरी हुन्छ नै। हामी महिला भनेर पछाडि नपरौं समाजको अन्य पुरुषहरूले महिलाले के गर्न सक्छ भनेर जिम्मेवारी दिँदैन। तर हामीले महिला-महिला मिलेर गोरेटो बाटो पनि बनायौं कुनै व्यक्तिले राम्रो काम गरेको छ, धेरैजनाले भनेर सल्लाह सुझाव पनि दिनु भयो। हामीले पनि मनमा दृढ विश्वास लिएर काम गरेका छौं। आफ्नो गाउँ ठाउँ अवश्य सुन्दर बनाउँ लागि परेका छौं। यो सब काम गर्न घरपरिवारले साथ दिएकोले भएको हो।

**कसको सहयोगमा फार्म सञ्चालन गर्नुभयो ?**

कुनै पनि संघ-संस्थाले सहयोग गरेको छैन। पहिला म आफनै लगानीबाट शुरु गर्छु भनेर लागेको हो। अहिले अनुदान लिएको पनि छैन। पहिला यही ठाउँमा बहुउद्देश्यीय सहकारी संस्थाले फार्म सञ्चालन गरेका थिए। पछि छोडेकाले यसैमा जग्गाको भाडा तिरेर मैले सञ्चालन गरेको हुँ।

**कृषि अनुदान वितरणको अवस्था कस्तो छ, कृषक सम्म पुगेको छ ?**

कतिपयले फार्म दर्ता गरे नि काम गरेको छैन, तर अनुदान भने लिएका छन्। अब हाम्रो देशमा अनुदान भनेर माग्न आउनेलाई भन्दा पनि जसले कृषिमा काम गर्छ उसलाई चाहीँ अनुदान दिने व्यवस्था भएको भए राम्रो हुन्थ्यो। आफूले काम गरेर देखाउनु पर्छ अनिमात्र अनुदान लिन सकिन्छ, तर यहाँ काम नगरिकनै पनि अनुदान लिनेहरूले गर्दा वास्तविक किसानले पाउन सकेका छैन।

नेपाललाई कृषि प्रधान देश भने पनि कृषकहरूले आफनो जग्गालाई बाँझो राखी जङ्गल बनाएका छन्। मानिसहरू अल्छी भएका छन्। अब सबै मिलेर कृषिलाई जोड दिन लागौं र स्थानीय तहको पनि यसमा ध्यान दिनुपर्छ। नेपालीहरू विदेश गएर धेरै दुःख गरेर बस्नु भएको छ। अब सरकारले युवालाई कृषि र पशुपालनमा लाग्न प्रोत्साहन गर्नु पर्दछ। जसले गर्दा परनिर्भरता कम गर्न सकिन्छ।



हालसम्म बोडीका ३ जात (प्रकाश, आकाश र सूर्य) विकास एवं उन्मोचन भएका छन्। पछिल्लो जात सूर्यको २०६१ सालमा उन्मोचन भएको थियो। यो नाइजेरियाबाट आएको, उत्पादकत्व २.५ टन/हे., ७७ दिनमा पाक्ने र मध्य तथा पश्चिम तराई र बेशीको लागि सिफारिस गरिएको छ। यो हरियो कोसा र दाल दुबैको लागि उपयुक्त छ। खेतको आलीमा लगाउन पनि राम्रो पाइएको छ।

अन्य केही उपजातहरु जस्तो IT82D-787, IT86F-2062-5G छनोटको क्रममा छन्। अनुजात IT86F-2089 तरकारीको लागि अतिनै राम्रो मानिन्छ र सिफारिसको क्रममा छ।

यसको खेती पोखरा क्षेत्रमा वसन्ते र वर्षे बालीको रुपमा गरिन्छ। उत्पादन ३००-४०० के.जी प्रति रोपनी छ। हरियो कोसाको तरकारी साह्रै स्वादिष्ट र काठ नपस्ने हुनाले बजारमा माग ज्यादै छ।

वसन्ते खेतीमा रोग भन्दा कीरा (लाही, पतेरो, सेतोभिँगा, कोसाको गवारो) को प्रकोप बढि पाइएको छ। अत: बिरुवाको सानै अवस्थादेखि अन्तिमसम्म यी कीराहरूबाट बाली बचाउन थायोडान ३५ ई.सि.२ मि.लि.प्रति लिटर पानीमा मिसाई पुरै बोट भिज्ने गरि छर्नु पर्दछ। यसरी औषधी छरेपछि १० दिनसम्म बाली टिप्नु वा वस्तु भाउलाई ख्वाउनु हुँदैन।

**मास :**

मध्य पहाडी क्षेत्रमा लगाइने स्थानीय जात बाह्रबिसे लोकल मोटो दाना भएको, राम्रो पाक्ने, किसानले मन पराएका र एक हेक्टरमा १.२ टनसम्म फल्ने पाइएकोले त्यसैलाई बढाउन सिफारिस गरिएको छ।

**राजमा :**

राजमाको खेती नेपालमा भर्खरै शुरु भएको हो। तर यसको विस्तार निकै तिव्र गतीमा भईरहेको छ। त्यसैले सुहाउँदा जातहरूको विकास गर्ने क्रममा PB-0001, PB-0002, PDR-14 र PB-0048 जस्ता जेनोटाइपहरू छोटो अवधिमा पाक्ने, धेरै उब्जनी दिने, अल्टर्नेरिया रोग अवरोधक र धान पछि लगाउन उपयुक्त पाइएका छन्।

राजमा लगाउने उपयुक्त समय अगौटे धान काटेपछि कार्त्तिकको तेस्रो हप्ता हो। बिउलाई १२ घण्टा ढड्याएर रोप्दा २६ प्रतिशत उब्जनी बढेर २.९ टन प्रति हेक्टरसम्म पुगेको पाइएको छ।

उब्जनी बढाउनको लागी बिउ उपचार गरी रोप्ने र पछि वेभिस्टिन २ ग्राम प्रति लिटर पानीमा घोलेर छर्न पनि सिफारिस गरिएको छ।

**मस्याङ :**

नेपालको पहाडी भू-भागमा परम्परादेखि नै खेती गरिदै आएको मस्याङको अनुसन्धान केही वर्ष अगाडि देखि नेपाल र भारतमा संयुक्त रुपमा शुरु गरिएको छ। नेपालका विभिन्न भागमा

सर्वेक्षण गरी विभिन्न किसिमका स्थानीय जातहरूको विशेषता अध्ययन, पौष्टिक तत्वको विश्लेषण, स्थानीय ज्ञानको अभिलेखीकरण र राम्रा जातको छनौंट गर्ने कार्यक्रमहरू सञ्चालन

भईरहेका छन्।

पहाडी बाली अनुसन्धान कार्यक्रमले गरेको अनुसन्धान नतिजा अनुसार एक्सेसन LRGR-99, LRGR-111, NPGR-00194, NPGR-05420 मध्यपहाडको लागि उत्कृष्ठ पाइएका छन्।

**खेसरी :**

यस बालीको मुख्य समस्या भनेको विषाक्त (ODAP/ toxin) कम भएका जातको पहिचान गरी

खेतीको लागि सिफारिस गरेकाले बाहिरबाट ल्याइएको जिनोटाइप CLIMA Pink मा त्यस्तो गुण पाइएको अध्ययनले देखाएको छ र यसले उब्जनी पनि बढी दिएको छ।

सिराहा लोकल (१.३ टन) भन्दा कम ODAP (२६ देखि ३८ प्र.श.) भएका जातहरूले भन् धेरै

उब्जनी (१.५-१.६ टन/हे.) दिने पाइएका छन्।

# ललितपुर अब तरकारी जोन

ललितपुर फागुन १४ नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन इकाई कार्यालय भक्तपुरको पहलमा ललितपुर जिल्ला तरकारी जोन सञ्चालक समिति प्रतिनिधी भेला सम्पन्न भएकोछ। भेलाले गोदावरी नगरपालिका, बागमती गाउँपालिका, कोन्जोसोम गाउँपालिकाका ३/३ जना प्रतिनिधी रहने गरी ९ सदस्यीय सञ्चालक समिति गठन गरेको छ।

समितिमा संयोजक ज्ञानबहादुर लो, सह-संयोजक माधव घिमिरे, सचिव कृषला नगरकोटी सह-सचिव केदारनाथ घिमिरे, सदस्यहरू लालबहादुर थिङ, सुनिता थापा, रमा सञ्जेल, प्रदीप सिजापति, विना घिसिङ्ग सर्वसम्मतले चयन भएकोछ।

भेलामा नवगठित पदाधिकारीरूलाई बधाई तथा शुभकामना दिँदै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यन्वयन इकाईका प्रमुख रिती सिंहले भेला गर्नुको उद्देश्य ललितपुर जिल्लामा तरकारी जोन मार्फत कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउने रहेको बताउनु भयो। परियाजना प्रमुख सिंहले तपाईहरूको काँधमा ठूलो जिम्मेवारी आएको बताउँदै तपाई हामी मिलेर सँग-सँगै काम गर्नुपर्छ। उच्च मूल्यका तरकारी, सागसब्जीहरू प्याज, लसुन लगायत वस्तुको आवश्यकता छ त्यसलाई उत्पादन गरी २ वर्षको कार्यकालमा नमूनाको रुपमा काम गरेर देखाउन आग्रह गर्नु भएको छ।

परियोजना कार्यन्वयन इकाई कार्यलयका उप-प्रमुख नारायण प्रसाद न्यौपानेले सरकारले कृषि कार्यक्रमलाई तपाई कृषकहरूमा सुम्पने गरी सञ्चालक समितिको गठन गर्न लागेको बताउनु भयो।

कार्यक्रमका अतिथि कोन्जोसोम गाउँपालिका अध्यक्ष सन्तबहादुर लामाले निर्वाचित पदाधिकारीहरूलाई बधाई तथा शुभकामना दिँदै समितिको सदस्यहरूको दायित्व बराबर भएकोले पदधिकारीहरूको काँधमा ठूलो जिम्मेवारी आएको बताउनु भयो। उहाँले ललितपुरको तरकारी जोनमा रहेर पदीय दुरुपयोग हुन नहुने बताउँदै पद भनेको बलेको आगो जस्तै हो र सहयोग पाउँदा-पाउँदै पनि पूरा गर्नु भएन भने आएको अवसरहरू गुम्ने बताउनु भयो।

गोदावरी नगरपालिका ७ का अध्यक्ष गिरीप्रसाद तिमिल्सिनाले उत्पादन हुने जग्गा जमिन बाँझो नराखौं। साथै उहाँले ललितपुर क्षेत्रलाई अर्गानिक तरकारी क्षेत्रको रुपमा विकास गर्नु आग्रह गर्नु भयो। उक्त अवसरमा तिमिल्सिनाले सरकारको अनुदान सम्बन्धित किसानले र पीछडिएको वर्गले पाउन सकोस् भन्ने शुभकामना व्यक्त गर्नु भयो।

उहाँले दूध, मासु फलफुल, तरकारी अधिकतम् उत्पादन गरी कृषि क्रान्तिमा सहयोग पुर्‍याउन आग्रह गर्दै कृषि जाँदा घाटामा भएको बताउनु भयो।

कार्यक्रमको सञ्चालन परियोजना कार्यन्वयन कार्यालयको तर्फबाट श्रीराम लम्सालले गर्नु भएको थियो।

# कोशेवाली खेती प्रविधि

कोसेबालीमा मुख्यतयाः मुसुरो, रहर, चना, भटमास, बोडी, मास, मुंग, गहत, केराउ, मस्याङ्ग, खेसरी पर्दछन् । यी बालीको करिब ३ लाख २० हजार हेक्टरमा खेती र २ लाख ७५ हजार मेट्रिक टन उत्पादन हुन्छ । कोसेबालीको सरदर उत्पादकत्व ८८२ के.जी./हे. छ । कोसेबाली मध्ये मुसुरो प्रमुख हो र यसले कोसेबालीको ६० प्रतिशत क्षेत्रफल ओगटेको छ । कोसेबालीमा १७-४० प्रतिशत प्रोटीन पाईन्छ र यिनलाई प्रोटीनको सस्तो स्रोत मानिन्छ । जरामा हुने गिर्खाले हावाबाट नाइट्रोजन (४०-३५४ के.जी./हे. प्रति वर्ष) स्थिरिकरण गरी माटोलाई मलिलो बनाउँछ । बाली सघनता, अन्तरबाली, बालीचक्रको लागि कोसेबालीको ठूलो भूमिका छ ।



**मुसुरो :**

हालसम्म कुल १० जातका मुसुरो विकास एवं उन्मोचन भएकोमा २०६१ यता महेश्वर भारती, सगुन र शितल जस्ता ३ वटा जातहरू उन्मोचन गरिएका छन् ।

- खजुरा २ जात पश्चिम पहाडमा मकै र धान बाली प्रणालीको लागि उत्कृष्ट पाइएको छ ।
- उन्मोचनको लागि प्राविधिक समितिले अनुजात (जिनोटाइप) ILL 7982, ILL 6829 सिफारिस गरेको छ । ILL का दर्जनौं अनुजातहरू अध्ययन र छनौंटको क्रममा छन् ।
- मुसुरोका ओइलाउने, डढुवा र जरा सड्ने रोगहरू बढिरहेका छन् । तिनको समाधानका लागि अवरोधक तथा सहनशील जातहरूको विकास र छनौंटमा काम भइरहेका छन् भने दर्जनौं जातहरू पहिचान भैसकेका छन् ।

**चना :**

कुल ८ जातका चनाको विकास एवम् उन्मोचन भएका छन् जसमध्ये २०६५ सालमा तारा र अवरोधी नामका २ जात उन्मोचन गरिएका थिए ।

श्रृंखलाका आधा दर्जन उत्कृष्ट उपजातहरू पनि पहिचान भएका छन् ।

चनालाई एकल भन्दा आलस, रायो, तोरी जस्ता बालीसँग मिश्रित गरी लगाउँदा बढी राम्रो हुने पाइएको छ ।

रोप्ने उपयुक्त समय कात्तिकको तेश्रो साता पाइएको छ । राम्रो उमार र बोट वृद्धिको लागि बीउलाई ढड्याएर रोप्न सिफारिस गरिएको छ । यसबाट ४१ प्रतिशतसम्म उब्जनी बढ्न सक्छ ।

बिउलाई ०.०५ प्रतिसतको सोडियम मोलिब्डेटको घोलमा डुबाएर राइजोबियम ३ ग्राम/केजी बीउको दरले मलेर छर्दा जरामा नाइट्रोजन स्थिरिकरण गर्ने गीर्खा बढी आउने र उब्जनी पनि बढ्ने पाइएको छ ।

लाइनका ६ वटा अनुजातले स्टाण्डर्ड चेक धनुषा भन्दा धेरै (४००-६०० केजी/हे.) उब्जनी दिए । त्यो भन्दा पनि अनुजातहरू ICCV95118, ICCV97104, ICCV04111 ले धनुषाले भन्दा दोब्बर उब्जनी क्रमशः ५.२, ४.५ र ४.५ टन/हे. दिएर अन्तिम छनौंटमा पुगेका छन् ।

तारा र अवरोधीले पनि कृषकको फिल्ड परीक्षणमा माथिको सरदर भन्दा धेरै क्रमशः २.० र १.९ टन/हे.दिए । ICCV श्रृंखलाका आधा दर्जन उपजात पहिचान भएका छन् ।

**रहर :**

उपयुक्त जातको छनोट विकास र रोगहरू व्यवस्थापन सम्बन्धी अनुसन्धान केन्द्रित छ । ICPL, Acc ३ का धेरै अनुजात पहिचान भएका छन् । ICPL 95008 र वहार १ गृष्ममा र पुसा ९ र पुसा १४ (३ टन/हे.) वर्षा पछि रोप्न सिफारिस भएका छन् । ICPL छिटो पाक्ने, ओइले र स्टेरिलिटी मोजाइक भाइरस अवरोधक हो । अन्य यस्तै दुई उपजात पनि पहिचान भएका छन् ।

Acc # 7675 ले मध्य पश्चिममा राम्रो उब्जनी (१.९ टन/हे.) दिएको छ ।

**भटमास :**

हालसम्म भटमासका ८ वटा जातहरूको विकास गरी उन्मोचन समेत भै सकेका छन् जसमध्ये

विगत ५ वर्षमा पूजा (तराई, भित्री तराई, मध्य पहाडको लागी) र तरकारी भटमास १ (मध्य पहाड, उपत्यकाको लागी) उन्मोचन गरिएका छन् ।

जातिय परीक्षणबाट केही अन्य उपजातहरू (Genotypes): IARS 87-1, PK-7394, F-778817, OCB-81, & PK-327 पनि खेतीको लागि उपयुक्त पाइएका छन् ।

मकै भित्र भटमास लगाउदा मकै/कोदो पद्धतिको तुलनामा प्रति रोपनी थप रु १२५० आम्दानी गरी जम्मा रु.२००० प्रति रोपनी मुनाफा हुने देखिएको छ ।

**मुङ :**

मुंगका उन्नत जातमा पुषा वैशाखी, प्रतिक्षा र कल्याण उन्मोचन भैसकेका छन् । यी जातहरू अगौटे हुनुको साथै धान-गहु-मुंग प्रणालीमा सुहाउँदा छन् र MYMV भाइरस अवरोधक छन् ।

यी बाहेक VC-3960A, VC- 6173C, VC- 6371-92 जस्ता रोग अवरोधक जातहरु उत्कृष्ट देखिएकाले सिफारिस हुने क्रममा छन् ।

धान-गहुँ पद्धतिमा छोटो अवधिमा तयार हुने बाली मुङ गहुँ पछि खेती गरी थप आम्दानी र माटोको उर्वराशक्ति पनि बढाउन सकिन्छ ।

**बोडी :**



**उत्पादित कृषि बस्तुको बजार भाउ चित्त बुझ्दो छ ?**

कुखुराको मासुको मुल्य कहिले १७० हुन्छ, कहिले २७० हुन्छ । मुल्य भने घटबढ भईरहन्छ । कुखुराको मुल्य घटेसँगै दानाको मुल्य पनि घट्ने गर्छ । दानाको दर सँधै सगरमाथा जस्तै हुन्छ । कुखुराको मूल्य चाहिँ शून्य हुन्छ, तरकारीको पनि भाउ कम छ त्यसैले सरकारले अब भारतबाट आउने तरकारी नेपालमा भित्र्याउन दिनु भएन । अनि नेपालको अर्गानिक तरकारीमा जोड दिएमा तरकारी पेशाबाट मुनाफा लिन सकिन्छ ।

**स्थानीय तहबाट सञ्चालित कृषि कार्यक्रमहरू कस्तो पाउनु भएको छ ?**

स्थानीय तहले ठुला-ठुला कार्यक्रम ल्याएका छन् । तर आफ्नो आफ्नो मान्छेलाई कार्यक्रममा सहभागी गराउँदै आएको छ । अनुदान पनि नातेदारलाई बाँडेका छन् । स्थानीय तहले कुनै पनि सेवा प्रवाह गर्दा पार्टीगत नहोस् भन्छु । भोट भोलि त्यहि जनताको चाहिन्छ पार्टीगत नहेरी अनुदान दिने र जसले खेती गर्दैन उसलाई कर अनुदान माग्न आउँदा कारवाही गर्नुपर्छ अनि मात्र युवाहरू कृषिमा लाग्छन् ।

**सिचाईको सुविधा कस्तो छ ?**

खाने पानी भनेर एउटा पाइप व्यक्तिगत ल्याएकी छु । त्यही पानी सदुपयोग गरी तरकारीलाई पुऱ्याएकी छु । अहिले सम्म कुनै पनि संघ-संस्थासँग सहयोग मागेको छैन् । हाम्रो गाउँमा चाहीं सिंचाईलाई भनेर कोही व्यक्तिले पाइप ल्याएर घरमा थन्क्याएको भन्ने पनि सुन्छु । त्यस्ता अनुदान तथा सरकारी पैशा खान पल्केकाहरूले खासमा भन्ने हो भने, उनीहरू कृषिको कुनै पनि काम गरेका छैनन ।

**अब स्थानीय तहले नागरिकको लागि के गर्नु पर्ला त ?**

अब स्थानीय तहले हामी जस्तो महिला टिमलाई एकरुपता गरेर पार्टीगत नगईकन बराबर सेवा प्रदान गर्नुपर्दछ । जसले कृषि व्यवसाय गरेको छ उसलाई अनुदान दिएर अगाडि बढाउनु पर्छ । म जनप्रतिनिधिलाई के भन्न चाहान्छु भने तपाईले जनतालाई जसरी पनि अगाडि बढाउनु पर्छ । अहिले जग बसालेमा भोलि हजुरहरूलाई सबैले भोट दिनुहुन्छ । त्यसकारण आम नागरिकको मनमा बस्ने काम गर्नुहोस् भन्न चाहान्छु । अर्को कुरा म समाजमा राम्रो काम गर्छु भनेर मैले पनि मेरो व्यक्तिगत ९ लाख रुपैयाँ खर्च गरेर गुम्बा बनाउन लागेकी छु ।

# गमलामा फलफल बिरुवा खेती गर्ने प्रविधि



परिचय :

✍सन्तोष सिमखडा

गमलामा विभिन्न जातका फलफूल बिरुवाको खेती कसरी गर्ने यस सम्बन्धमा केही जानकारी गराइन्छ । हुन त कुनै नर्सरीले गमलामा मुन्तला खेती गर्दै आएको छ । जहाँ बिरुवा र फूल छन् । त्यहाँ वातवरणै राम्रो भएको हुन्छ । कुनै व्यक्तिलाई मनमा केही नराम्रो कुरा खेलिरहेको छ भने बगैँचामा बिरुवा लगाइराखेको देख्नासाथ मन शान्त हुनुका साथै वातावरण पनि स्वास्थ देखिन्छ । जस्तै जापानीज आरु वखडा (जापानीज उमेबोसी) फूल फुल्दा ८-१० मिटरसम्म पनि वास्ना आइरहने र फल पनि फल्दछ । जापानमा यो फललाई सिङ्गै अचारको रुपमा प्रयोग गरिन्छ । नेपालमा कागतीका सिङ्गै दाना सिसीमा राखी अचर बनाएजस्तै जापानमा पनि त्यही तरिकाबाट अचार बनाई खाने चलन छ । यस्तो बिरुवालाई पनि गमलामा रोपी फूल उत्पादन गर्न सकिन्छ । नेपाली आरु बिरुवाको हाँगाहरू पेन्सिल साइजको भइसकेपछि जेठको दोस्रो हप्तादेखि असारको तेस्रो हप्तासम्म प्रत्येक हाँगाहरू कलमी गरी एउटै बोटमा आरु, आरु वखडा, फलाउन सकिन्छ । यसरी तयार भएको बिरुवालाई २२-३० इन्चको गमलामा रोपी फल फलाउन सकिन्छ ।

हलुवावेद पनि विभिन्न जातको चैतका पहिलो र दोस्रो हप्तासम्म प्रत्येका हाँगाहरूमा कलमी गरी भाद्रदेखि कार्तिकसम्म फल्ने बिरुवा उत्पादन गरी गमलामा रोपी पलाउन सकिन्छ । गमलामा रोपेको बिरुवालाई वर्षको २ पटक पाकेको कम्पोष्ट या डिएपी १० ग्रामको दरले राखी गोडमेल गर्नुपर्छ । बिरुवाको उमेर अनुसार मल बढाउँदै लानु पर्छ । डिएपी मल हाल्दा बिरुवाको फेदबाट ४-५ ईन्च फरक गरी देशी मल हाल्नु पर्छ । नजिक हालेमा जरामा परी बोट मर्न सक्छ । यस्तै गरी गुलावको फूलको बिरुवालाई पनि कलमी गरी फुलाउन सकिन्छ । एउटा हाँगामा रातो राखेको छ भने अर्को हाँगामा पनि कलमी गरी सेतो, पहेँलो, निलो र कालो गुलाफ तयार गर्न सकिन्छ । यसरी तयार भएको बिरुवा गमलामा रामी घरको छाना या बार्दलीमा राखी फूल र फल उत्पादन गरी फूलले वासना दिन्छ । भने फलबाट प्रोटिन पाउने सकिन्छ ।

गमलामा माटो भर्ने र बिरुवा रोप्ने तरिका : गमलामा बिरुवा रोप्नु भन्दा १०-१५ दिन अगाडि माटो ५० प्रतिशत पाकेको कम्पोष्ट २५ प्रतिशत बालुवा २५ प्रतिशत राखी माटो मल मिसाई थुपारिराख्नु पर्छ । यसरी तयार भएको माटो गमलामा भर्नुभन्दा पहिलो ढुङ्गा सानो टुका या फुटेको गमलामा पतकर या घुस्नो केही मात्रामा गमलाको पुछारमा राखी माथि उल्लेख भएको माटो गमलामा भरिसकेपछि कलमी गरी सफल भएको बिरुवालाई गमलाको बीचमा रोप्नु पर्छ । र बोटलाई फेदमा विस्तारै थिचिदिने र बोटबाट ३,४ इन्च फरक गरी एउटा बाँसको लट्ठी गाडी अङ्ग्रेजी अक्षरको आठ (8) जस्तो गरी सुतलीले बिरुवा र लट्ठीमा बाँध्नुपर्छ जसले गर्दा बोट हल्का सर्छ । र बाङ्गो हुनबाट बचावट हुन्छ । यसरी रोपको बिरुवालाई बोटको छेउमा कुनै बाक्लो कागज वा सानो ढङ्गा राखी त्यसमाथि पानीदिने र त्यसपछि गमलालाई छतमा राखी फल फलाउने सकिन्छ । जसको जग्गा कम छ त्यो व्यक्तिले यो तरिका प्रयोग गरी बिरुवा छतमा राखेर पनि फल उत्पादन गर्न सक्तछ ।

**कीरा :** सुन्तला, जुनार, कागती र मुन्तलामा सिलभर लिफ माइनर कीराबाट बिरुवाको पातमा आक्रमण गरी पात बटारिदिन्छ । पछि गएर पात पहेँलो भएर झर्छ । र हाँगाहरू सुकेर बोट मर्ने सम्भावना हुन्छ । त्यसकारण वर्षको २ पटक १ लिटर पानीमा नुभान, डोम, ब्लुममध्ये विषादी २-३ मिलि राखी छर्नाले कीरा नियन्त्रण हुन्छ । सकेसम्म यस्तो विषादी नछरी निमको औषधी २-३ मिलि १ लिटर पानीमा राखी छर्ने या गाइको गहुँतलाई ३ महिनासम्म जर्किनमा राखी बिर्कोको बन्द गरी राख्ने र ३ महिना भएपछि १ भाग गाइको गहुँतमा २ भाग पानी राखी छर्नाले पनि कीरा नियन्त्रण हुन्छ ।

# जग्गाको क्षेत्रफल जनाउने हिसाव कै विगाह, कतै रोपनी, कतै मुरी माटो, कतै हल-पाटे, कोदाले थिए

**भूमि सुधार : इतिहास**

१. जग्गाको किसिम -जस्तो अवल, द्वयम, सिम, चार आदि) छुट्याउने प्रचलित काइदा वैज्ञानिक ढङ्गको नहुँदा सरकारलाई पोतको आम्दानीमा नोक्सान परी रहेछ। र जनतामा पनि उही औकात-औकातको जमीनमा किसिम छुट्याई दिने मानिस सदिच्छा वा अनिच्छा ले गर्दा कसैले नाम मात्रको पोत तिरे पुग्ने र कसैले ज्यादै बढी तिनुपर्ने भइरहेको छ। यसकारण जग्गाको किसिम छुट्याउने काम वैज्ञानिक आधारमा गराउने।

२. सबै जमीनको आधुनिक तरिकाबाट ( क्याडस्ट्रल सर्भे) नापी गरी मालपोत यथाशक्य एकीकरण गर्ने। राष्ट्र सबै जमीनको पोत सरकारमा आउनु पर्ने सिद्धान्तलाई अपनाउने।

३. जग्गाको क्षेत्रफल जनाउने हिसाव कै विगाह, कतै रोपनी, कतै मुरी माटो, कतै हल-पाटे, कोदाले, विजन आदि विभिन्न थरिको भएबाट देशामा आवादी जग्गा यति छ भन्ने हिसाव निकाल्न नसकिने र पालपोत तिरी आदिमा पनि सामान्जस्या नैभै रहेकोले सी.जि.एस. सिस्टम (सेन्टीमिटर र ग्रामबाट नाम तौल गर्नु पर्थ्यो) सम्पूर्ण देशभरी नै अपनाउनु पर्छ।

४. जमीन ज्यादै सानो सानो क्षेत्रफलमा टुक्रिदै जाँदा जमीनमा खेती गर्ने किसान जमीनको मालिक तथा देशलाइ नै समेत आर्थिक दृष्टिबाट ठूलो नोक्सान पर्ने हुँदा एक ठिक आर्थिक लाभदायक हुने क्षेत्रफलको एकीन गरी सोभन्दा कम क्षेत्रफलका जमीन टुक्रिन नदिनेर टुक्रिएको त्यस्तो जमीनहरूलाई मिलाई आर्थिक दृष्टिबाट खेतीयोग्य गराउने।

५ मोहियानी चलन भएका ठाउँमा यस किसिमको जमीनको बढीसे बढी यातायात सम्म कुट तलसिडले पाउने सक्नेछ भन्ने तोकि दिने।

६. अँधिया, त्रिखुट, चौखुट गर्ने चलन भएको ठाउँहरूमा पनि जग्गा धनी र जग्गा कमाई गर्ने किसानको विचमा हुनु पर्ने, उब्जनीको बटवारा तोकि दिने।

७. जग्गाको उर्वरा शक्ति बढाउनुमा नै देशको वास्तविक हित निहित हुँदा जमीनको उन्नतिमा किसान तथा जग्गा धनी दुवैले



आम्दानी केही प्रतिशतसम्म खर्च गर्नु पर्ने नियम लागु गर्ने।

८. अंश, वन्दा गर्दा वा जमीन खरिद-बिक्री गर्दा आर्थिक दृष्टिबाट लाभदायक हुनसक्ने भनी सरकारले तोकी दिएको कमसेकम सानो क्षेत्रफलको टुक्रा भन्दा सानो हुनेगरी गर्न नपाउने कानून बनाउने।

९. जग्गामा खेती गर्नको यति हक हुन्छ औ जग्गा धनीको यतिसम्म हक हुन्छ भन्ने कुरा किटान गरी दिने।

१०. जग्गा धनीले जग्गा कमाउने खेतीवाला वा मोहिलाई आफ्नो खेती गर्ने हकबाट छुटाउनको निमित्त किसान तथा धनी दुवैलाई मर्का नपर्ने गरी कमसेकम भैरहेको कानूनमा संशोधन गर्ने।

सुवर्ण।

**सिफारिस**

**खाद्य :**

कृषि विकास भै उत्पादन बढेपछि पर्न आउने समस्याहरूको दृष्टिकोणमा राखी निम्न लिखित प्रष्ट गरिएको छ।

१. जबसम्म मुलुकभरमा आफ्नै मुद्रा चलनचल्तीमा आउँदैन अन्न उपलब्धीमा मुद्रा सम्बन्धी परिआउने कठिनाई सरलतापूर्वक समाधान हुन सक्दैन। अन्न खरिद भै भारतीय मुद्रामा मोल तिर्नु पर्दा सो कठिनाई बराबर अनुभव भएको देखिएको छ।

२. अमेरिकन, भारती र श्री ५को सरकारको दलीय सम्झौता वमोजिम देशमा ९०० माइल सडक बन्ने भएको छ। उक्त सडकहरू पनि पञ्च वर्षीय अवधी भित्र नै बन्ने भएको छ। यो मार्ग निर्माण योजना कार्यन्वित भएमा यातायातको असुविधा धेरै अंशमा हटाउन सक्ने छ। र यी मार्गबाट चल्ने ट्रकहरूको लागि पेट्रोल र डिजेल विदेशबाट पैठारी गर्नुपर्ने हुन आउँछ। विदेशी मुद्रा अरु उत्पादन बढ्न जाने उद्योग धन्दा खडा गर्न चाहिने मेशीन माल सामान खरिद गर्नमा लगाउने, यस्तो उत्पादन बढाउन मद्दत गर्न नसक्ने काममा लगाउनु सट्टा खोला नालाले परिपूर्ण हाम्रो पहाडी मुलुकमा पानी विजुलीको सहायताबाट विभिन्न ठाउँहरुमा पहाडी इलाकाबाट तराई क्षेत्र जोड्ने गरी रोपवे स्थापना गर्न सकेमा र विद्युत शक्ति सञ्चालित टान्सपोर्ट-ट्रान्सपोर्टको स्थापना गर्न सकेमा र अन्यत्र जति मात्रामा पेट्रोल खर्च हुनेगरी आएको छ। त्यसको खर्च कमी गर्नको लागि पेट्रोल र पावर अल्कोहलको सम्मिश्रण प्रयोग गरेमा निकै किफायत हुन जाने छ। जाँड-रक्सी बनाई मिल्काइएको कट इत्यादि र सखर बनाईमिल्काइएको झोल र खुँदोबाट पनि सो पावरको हल गर्न सक्ने भएकोले त्यसको लागि छानविन गराउनु पर्छ ।

३. अन्यत्र जिल्लाको हकमा धर्म भकारी रहेको ठाउँमा तिनीहरूको तत्काले मर्मत र जिर्णोद्धार गर्ने र धर्म भकारी नभएको ठाउँमा आवश्यकता अनुसार नयाँ गोदाम निर्माण गर्नु पर्दछ। त्यति भए बेला-बेलामा उपलब्धी तथा सञ्चय गर्न सकिने छ। बराबर खाद्यान्नको कमी हुने पहाडी क्षेत्रमा खाद्यान्न काठमाडौंमा स्टोर गरी पुऱ्याउन सुविधा हुने हुँदा कमसेकम २० देखि ४० हजार मन अटाउने बिरगञ्ज, अमलेखगञ्ज र घोर्सि र काठमाडौं १/१ गोदाम करिब ४० हजार रुपैयाँ सम्मका खर्च गरी बन्नु पर्छ।

४. काठमाडौंमा भने नगरपालिका छन्। टोल संघ इत्यादि छन्। जनता जान्ने बुझ्ने छन्। बाटो घाटो छन्। र वितरण केही हदमा सुगमता पूर्वक गर्न सकिन्छ। तर अन्यत्रको हकमा माथि लेखिएका सबै कुराको अभावमा सरलता पूर्वक वितरण चालु गर्न असम्भव नभए तापनि अप्ठ्यारो हुन्छ। तसर्थ यो मुस्किललाई दुर गर्ने एक बाटो छ। सहकारी विभागबाट जिल्लाहरूमा सहकारी संस्था काम गर्ने प्रयास गरेको बुझिन्छ। यिनै सहकारी संस्थाहरूद्वारा आवश्यकता अनुसार वितरण गरे गराएमा गाउँ-गाउँका कुना कुनामा समेत उचित वितरण हुन सक्ने देखिन्छ।

५. हाम्रो खेतीबाट जे पैदा हुन्छ। त्यसको मुख्य बजार हाम्रो देश नभै भारतनै हो। तसर्थ हाम्रो उब्जनीको भाउ टाइम अनुसार ज्यादा फरकहुने नपाएता पनि भारतको बजार भाउमा एकदम निर्भर छ। यसको अध्ययन पनि ज्यादै जरुरी छ। अनाज निकासीबाट फाइदा उठाउन र आवश्यकता अनुसार अनाज उपलब्ध गर्न ठाउँ-ठाउँमा खरिद केन्द्र कायम गरी यी केन्द्रहरूमा रातदिन बसी यहाँको भाउ र बाहिर भारतको बजारको असर, फसल, वर्ष र खेती यातायातको प्रबन्ध, भाडा र साल भरिको उब्जनी जिल्लाको अनाजको आवश्यकता र यस्तै अरु आवश्यक तथ्याङ्क संकलन गर्न साना ठूला अफिसरहरू र अफिसरको जरुरत पर्दछ। यसो गर्न धेरै नयाँ पोष्टहरूको सिर्जना गर्नु पर्दैन। खाद्यको लागि तालिम पाई विभिन्न भन्सार अड्डाहरूमा काम गरी रहेको फुड ईन्सपेक्टरहरू र फुड सुपर-भाइजरहरू छँदै छन्। निजहरूलाई ठाउँ-ठाउँमा खटाई उनीहरूबाट तथ्याङ्क फाँटले सो सबै संकलन गरी खाद्य विभागले पाउने व्यवस्था हुनु पर्छ।

६. संचयको लागि धर्म भकारी भएको ठाउँमा मर्मत र जिर्णोद्धार गरी नभएको ठाउँमा आवश्यकता अनुसार अलि-अलि गर्दै नयाँ सिर्जना गरी सरकारको अनाज राख्नुको साथ-साथै पछि-पछि किसान वर्गको आवश्यता अनुसार सुदखोरहरूबाट उनीहरुलाई बचाउनको लागि वेला-बेलामा सरकारले पैसा सापटी दिई त्यसको धितो वापत उनीहरूबाट अनाज लिई स्टोरेज गरी दिएमा उनीहरूलाई पनि सुविस्ता हुने थियो। सरकारको हातमा कुनै झन्झट नभै हरहमेशा अनाज तयार रहने र बेग्ला-बेग्लै व्यक्तिहरूबाट बाहिर निकासी गरी त्यसको मोल वापतमा आफ्नो जिल्ला-जिल्लाको आवश्यकता अनुसार नगद क्यास र दैनिक व्यवहारमा चाहिने अरु आवश्यकीय माल सामान मिलाई किफायतमा ल्याउन सकिनेछ। यसो गर्दा स्टेटको रुपमा आउँछ। र विस्तार-विस्तारै सहकारी संस्थाको स्थापना गरी दुई चार सालसम्म चलाई दिएपछि सो संस्था आफै चल्नेछ।

७. लकडी छाडेर अनाज हाम्रो देशको एक मुख्य निकासी हुने चिज हो। यसमा जो महशुल लाग्दछ। त्यो बाहिरको बजारमा पर्छ। आफ्नो बजारमा पर्दैन। तसर्थ यसको निकासी महशुल दर बढाएमा केही हानी हुँदैन जस्तो लाग्छ।

# कृषि मन्त्रालयका लागि ३३ अर्बको सिलिङ बजेट

काठमाडौं २८ फाल्गुन

काठमाडौं। अर्थ मन्त्रालयले कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि ३३ अर्ब रुपैयाँको बराबरको सिलिङ बजेट दिने भएको छ। आर्थिक वर्ष २०७७/७८ का लागि सो बजेट सिलिङ तोकिएको हो।



कृषि मन्त्रालयले सोही बजेटमा रहेर आगामी योजनाहरू बनाउनु पर्ने छ। यही विषयलाई लिएर २ दिन अघिदेखि मन्त्रालयले प्रदेश सरकारसँग लगातार छलफल गरिरहेको छ। यस्तै आगामी समयमा स्थानीय तहसँग समेत छलफलको तयारी भइरहेको मन्त्रालयका प्रवक्ता हरि केसीले जानकारी दिएको छ।

आगामी योजनामा फलफूल खेती, तरकारी खेती, खाद्य स्वच्छता तथा पशु विकासका लागि नयाँ योजनाहरू निर्माण गरिने छ।

आउँदो वर्षमा अनुदानको मोडालटीमा केही नयाँ बनाउनेछ। हालसम्म सीमित किसानले मात्र अनुदान पाएको भन्दै आगामी समयमा धेरैले अनुदान उपभोग गर्नु पाउने गरी व्यवस्था गरिने बताइएको छ।

अनुदान वितरणको व्यवस्थालाई बैंकसँग सहकार्य गरी अघि बढाइने बताएको र न्यून व्याजदरमा ऋण र बीमालाई सबैको पहुँचमा पुऱ्याउने गरी योजना बनाइरहेको जानकारी दिएका छन्।

व्यवसायीक कृषि गर्नेलाई जग्गा चक्लाबन्दी गरी कृषि गर्न सक्ने गरी व्यवस्था गरिएको, मन्त्रालयले हाल चक्लाबन्दीका लागि ३ मोडलमा छलफल गरिरहेको, मन्त्रालयमा भूमि बैंक, लिजिङ र सामूहिक चक्लाबन्दीको विषयमा छलफल भइरहेको जनाएको छ।

भूमि बैंक: हालसम्म नेपालमा प्रयोगमा आएको छैन। कृषि जमिन चक्लाबन्दीका लागि यो नयाँ योजना हो। जसमा सा-साना टुक्रिएर रहेका जमिनहरू बैंकमा पैसा डिपोजिट गरे जसरी राखिने छ। जग्गा धनीले आफ्नो जग्गा भूमि बैंकमा राखेर पैसा निकाल्न पाउने छन्। त्यो जग्गालाई एकमुष्ठ बनाएर भूमि बैंकले कृषि व्यवसायीलाई दिने छ। जग्गा लिने व्यवसायीले त्यस जग्गाको मूल्य तिर्नु पर्ने हुन्छ।

बैंकमा पैसा राखेर निकाल्दै चलाए जसरी भूमि बैंकमा पनि जग्गा राखेर त्यसको पैसा चलाउन सकिने मन्त्रालयले जनाएको छ।

**लिजिङ :** लिजिङ भन्नाले जग्गालाई भाडामा लिनेदिने कार्य हो। यसमा सरकारले कृषि नगरी बाँझो राखिएका जमिनलाई लिजमा लिने छ र त्यसलाई कृषि व्यवसायीलाई कृषि कार्यका लागि लिजमा दिने छ। यसरी चक्लाबन्दी गरेर कृषि उपजका लागि प्रयोगमा ल्याइने जमिनले कृषिमा आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने नीति कृषिकोलागि उपयुक्त हुने प्रवक्ता हरिबहादुर केसीको भनाई रहेको छ।

**सामूहिक चक्लाबन्दी :** सामूहिक चक्लाबन्दी भन्नाले सरकारले कृषि जमिन तोकेको क्षेत्रफलमा ती जग्गा जसका भएपनि उनीहरूले एउटै खेती लगाउनु पर्ने हुन्छ। यसो गर्दा विभिन्न क्षेत्रमा उत्पादन हुने एउटै बालीले त्यसको उत्पादन बढाउने र अभाव हुन नदिने उनी बताउँछन्।

मन्त्रालयले भूमिमा मसलाको हक ५० प्रतिशत पुऱ्याउने, उन्नत गाईभैंसीको संख्या दोब्बर पुऱ्याउने, किसानलाई पेन्सन, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, माटो स्वास्थ्य पत्र वितरण, खाद्यमा आत्मनिर्भर लगायतका विभिन्न योजनाहरू अघि सारिएका छन्।